# परिचय

प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं,
कृष्ण अधिकारी र कोमल भट्ट

रेडियो नेपाल २००७ (सन् १९५१) मा सुरु भएको हो । त्यतिबेला संसारमा रेडियो प्रसारण प्रविधिको विकास भएको पचास वर्ष र बेलायत तथा अमेरिका जस्ता देशमा नियमित रेडियो कार्यक्रम प्रसारण गर्ने संस्थाहरू सञ्चालन हुन थालेको तीस वर्ष भइसकेको थियो । सन् १९२० को दशकको अन्तदेखि नै रेडियो सेटहरू नेपाल भित्रिसकेका हुनाले रेडियो नेपाल सुरु हुँदा नेपालीहरूले अन्य ठाउँबाट प्रसारण भएका कार्यक्रमहरू सुन्न थालेको पनि कम्तिमा बीस वर्ष भइसकेको थियो ।

सात सालको क्रान्तिताका राणा विरोधी गतिविधिमा सक्रिय योद्धाहरूले 'प्रजातन्त्र नेपाल रेडियो' पनि सञ्चालन गरेका थिए (हेर्नुहोस् अध्याय २) । तर नियमित कार्यक्रमहरू प्रसारण गर्ने रेडियो स्टेसनको संस्थागत स्वरूप हेर्न नेपालीले २० चैत २००७ सम्म कुर्नु पऱ्यो । त्यो दिन 'प्रजातन्त्र नेपाल रेडियो' कै नाममा काठमाडौँको सिंहदरबारबाट रेडियो प्रसारण गर्न थालियो । पछि

प्रजातन्त्र भन्ने शब्द झिकेर 'नेपाल रेडियो' राखियो र केही समयपछि नै यसको पनि नाम परिवर्तन गरी 'रेडियो नेपाल' राखियो । यो संस्था नै नेपालभित्रको अविच्छिन्न रेडियो प्रसारण संस्था बन्न पुग्यो ।

निजी क्षेत्रका एफएम लगायत विभिन्न टीभी च्यानलको आगमनपछि रेडियो नेपाल अचेल आम बहसबाहिर परेको छ । यद्यपि जनशक्ति, भौतिक पूर्वाधार, प्रसारणको देशव्यापी पहुँच, अनुभव इत्यादि कारणले यसको प्रभाव र भूमिका महत्त्वपूर्ण नै छ । सूचना र मनोरञ्जनको प्रसारणमा अर्धशताब्दीभन्दा लामो समयदेखि अविच्छिन्न सक्रिय रेडियो नेपाल ओझेलमा पर्नु चिन्ताको विषय हो । धेरै नेपालीहरूको अनुभवको अभिन्न पाटोका रूपमा स्थापित रेडियो नेपालबारे त्यसकारण पनि अनुसन्धान र अध्ययन आवश्यक छ । रेडियो नेपालबारे अनुसन्धानकर्ता र रेडियोकर्मीहरूको लेखनलाई एउटै पुस्तकमा समावेश गर्ने विचारअनुरूप यो पुस्तकको योजना बनाइएको हो । रेडियो नेपालबारे नेपाली समाजमा यत्रतत्र छरिएर रहेका प्रकाशित र अप्रकाशित ज्ञानका भण्डारलाई व्यवस्थित एवं एकिकृत गरी यसमा समावेश गरिएको छ । प्रस्तुत पुस्तकमा रेडियो नेपालका विभिन्न पक्षहरू–संस्थागत, नीतिगत र आर्थिक इतिहास, केही कार्यक्रमको ऐतिहासिक र वर्तमान नालीबेली, समाजका विभिन्न तप्काका श्रोतासँग रेडियो नेपालको सम्बन्ध, इत्यादि–को विश्लेषण छ । पुस्तकको उद्देश्य रेडियो नेपालबारे बहस र जनरुचि बढाउनु हो ।

## विश्वमा रेडियो प्रसारणका नमूना

रेडियो प्रसारण प्रविधिको विकासमा विभिन्न मुलुकका धेरै वैज्ञानिक र अनुसन्धाताको योगदान छ । बेलायती वैज्ञानिक जेम्स म्याक्सवेलले विद्युतीय चुम्बकीय तरङ्गहरूको प्रसारणसम्बन्धी सैद्धान्तिक पुष्टि सन् १८६० को दशकमा गरे । त्यसपछिका दशकमा भौतिक शास्त्रीहरूबीच विद्युतीय चुम्बकीय तरङ्गको यान्त्रिक प्रयोग गर्ने प्रविधि उत्पादन गर्न होडबाजी चल्यो । सन् १८८० को दशकमा अमेरिकी वैज्ञानिक थोमस एडिसन् र जर्मन वैज्ञानिक हेनरिक हर्जले विद्युतीय चुम्बकीय तरङ्गहरू अन्तरिक्षमा प्रसारण हुन्छन् र तिनलाई कुनै 'रिसिभर'ले समात्न सक्छ भन्ने तथ्य व्यवहारिक रूपमा प्रमाणित गरे । १९ औं शताब्दीको अन्तिम दशकमा फ्रान्सेली वैज्ञानिक एडोआर्ड ब्रान्ली, रुसी वैज्ञानिक एलेक्जान्डर पोपफ र इटालेली गुइसप्पी रिघीले रेडियो प्रसारणसम्बन्धी अनुसन्धानमा महत्त्वपूर्ण योगदान दिए (ब्रीग्गस् सन् १९६१: २६-२७) । त्यति नै बेला बेलायती वैज्ञानिक ओलिभर लजले मोर्स कोड प्रयोग गरी

बेतार माध्यमबाट सूचना पठाउन सक्ने र रिसिभरहरूले निश्चित ट्रान्समिटिङ स्टेसनहरूबाट पठाइएका यस्ता सूचना समात्न सक्छन् भन्ने कुरा देखाए (क्रिसेल सन् १९९७: १०-१२) ।

त्यसबेला रेडियोको 'पिता' भनेर चिनिएका इटालेली गुग्लीलमो मार्कोनीले आफूभन्दा अगाडिका वैज्ञानिकहरूले गरेको अनुसन्धान र आफ्नै अनुसन्धानलाई व्यापारिक धरातलमा उभ्याउन सन् १८९६ मा रेडियोको पहिलो पेटेन्ट लण्डनमा दर्ता गरे । त्यसको एक वर्षपछि उनले रेडियोमा काम गर्ने कम्पनी खडा गरे । सन् १९०२ मा अमेरिकी वैज्ञानिक रेजिनाल्ड ए. फेसेन्डेनले बेतार माध्यमबाट मानिसको आवाज एक माइलको दूरीमा प्रसारण गर्न सफल भए । त्यसको चार वर्षपछि उनले मानिसको आवाज र सङ्गीतलाई केही सय माइलको दूरीमा प्रसारण गरेर देखाए । त्यसपछिका वर्षमा बेलायती वैज्ञानिक जोन ए. फ्लेमिङ र अमेरिकी वैज्ञानिक लि डि फरेष्टले रेडियो प्रसारणका लागि आवश्यक महत्त्वपूर्ण 'भाल्भ' प्रविधिको विकास गरे । यसबाट रेडियो प्रसारण अझ बढी सशक्त ढङ्गले लामो दूरीबीच सम्भव भयो (ब्रीग्गस् सन् १९६१: २५-२९ मा आधारित) । भाल्भ प्रविधिकै प्रयोगबाट प्रारम्भिक खालको रेडियो सेटको पनि निर्माण भयो । सन् १९१० सम्ममा समुद्रमा एउटा पानीजहाजबाट अर्को पानीजहाजमा सूचना आदान प्रदान गर्न र हावाबाट जमीनमा सम्पर्क गर्न रेडियो प्रसारण प्रविधि प्रयोगमा आइसकेको थियो ।

सन् १९१६ मा अमेरिकी डेभिड सार्नोफले बेतारको माध्यमबाट नियमित सूचना र मनोरञ्जनका कार्यक्रमहरू जनमानसमा प्रसारण गर्न सकिने योजना बनाए । त्यो योजना हरेक घरको आधारभूत उपकरणको रूपमा रेडियो सेट स्थापित गर्न बनाइएको थियो (दानेशी सन् २००२: ९८) । योजना बनाउँदा उनी मार्कोनी कम्पनी, अमेरिकामा कार्यरत थिए । तर पहिलो विश्वयुद्धको दौरानमा सैनिक आवश्यकतालाई ध्यानमा राखी रेडियोको व्यापारिक प्रयोगमा बन्देज लगाइएकाले अमेरिकी मार्कोनी कम्पनीका व्यवस्थापकहरूले सार्नोफको विचारलाई गम्भीरपूर्वक लिएनन् । सन् १९१८ मा प्रथम विश्वयुद्ध अन्त भएपछि रेडियो सेट उत्पादन गर्ने कम्पनीहरूले आफ्नो उत्पादनलाई जनमानसमा व्यापक रूपमा कसरी बेचविखन गर्ने विषयमा सोच्न थाले (दानेशी सन् २००२: ९८-१००) । सोही वर्ष अमेरिकी एडवीन आर्मस्ट्रङले रेडियो प्रसारण समात्न सक्ने 'सुपरहेटेरोडाइन रिसिभर' को प्रविधि पत्ता लगाए (स्टर्लिङ र किट्रोस सन् १९७८: ३२-३४) । सन् १९१८ मै अर्थात् डेभिड सार्नोफले रेडियो प्रसारणका सम्भावनाहरू सोचेर टिप्पणी गरेको दुई वर्षपछि बेलायती ए.आर. बरोजले रेडियो प्रसारणको अन्तर्वस्तु

र त्यसको सामाजिक तथा आर्थिक सवालहरूबारे विस्तृत टिप्पणी गरे (ब्रीग्गस् सन् १९६१: ४०–४२) ।[१]

सन् १९१९ अक्टोबरमा रेडियो कर्पोरेशन अफ अमेरिका खडा गरियो र त्यसमा अमेरिकन मार्कोनी कम्पनी गाभियो । अमेरिकाको पीट्सवर्ग सहरमा वेष्टिङहाउस कम्पनीले विभिन्न कार्यक्रमहरू आम जनतामा पुऱ्याउने उद्देश्यसहित पहिलो व्यापारिक रेडियो स्टेसन खोल्यो । उक्त स्टेसनको प्रसारण नाम केडीकेए थियो । त्यो रेडियोबाट २ नोभेम्बर १९२० मा तत्कालीन अमेरिकी राष्ट्रपति चुनावको नतिजा प्रसारण गरियो । उक्त रेडियो स्टेसनले विविध प्रकारका मनोरञ्जनमुखी कार्यक्रम पनि प्रसारण गरेको थियो । रेडियोको माइक नजिकै फोनोग्राफ बजाएर सङ्गीत प्रसारण गरिन्थ्यो । स्टेसनले सुरुमा विज्ञापन पनि बजाएन र रेडियो सुन्ने श्रोताहरूबाट कुनै शुल्क पनि उठाएन । रेडियोको कार्यक्रम घर घरसम्म रेडियो सेटहरू बिक्री गर्ने एउटा सूत्र मात्र थियो (दानेशी सन् २००२: ९८) ।

सन् १९२० को दशकमा अमेरिकामा रेडियो प्रसारणमा बृहत्तर वृद्धि हुन थाल्यो । यसको पछाडि रेडियो सुन्ने श्रोताहरूलाई सार्वजनिक सेवा पुऱ्याउनेभन्दा रेडियो सेट उत्पादन गर्ने कम्पनीहरूको व्यापारिक उद्देश्य बढी हावी थियो । अर्थात् उनीहरूले आफूले उत्पादन गर्ने रेडियो सेटहरूको बिक्री बढाउन लागि ती रेडियो सेटहरूको प्रयोजनबाट सुन्न सकिने कार्यक्रम प्रसारण गर्ने चाँजोपाँजो मिलाउन पनि थाले । रेडियो सेट उत्पादनकर्ताहरू र रेडियो कार्यक्रम प्रसारण गर्ने संस्थाहरू व्यापारिक उद्देश्यले अभिप्रेरित भएका एकैथरीका कम्पनीहरूको रूपमा विकसित हुन थाले । यसैअनुरूप जनरल इलेक्ट्रिक कम्पनीले न्यूयोर्क राज्यको एक ठाउँबाट डब्लुजीवाई नामको स्टेसनबाट आफ्नै कार्यक्रमहरू प्रसारण गर्न थाल्यो । रेडियो कर्पोरेशन अफ अमेरिकाले सार्नोफलाई उनले सन् १९१६ मा बनाएको योजना कार्यान्वयन गर्न दियो । सार्नोफले वाशिङ्टन डिसि र न्यूयोर्क सहरमा रेडियो स्टेसनहरू खोले ।

तत्कालीन अमेरिकामा विभिन्न ऐतिहासिक, सामाजिक र बौद्धिक कारणहरूले गर्दा रेडियो प्रसारणको राष्ट्रिय सञ्जालको आवश्यकता महसुस गरियो भने रेडियो

---

[१] सन् १९२२ सम्ममा भएका रेडियो प्रसारणका प्राविधिक र व्यापारिक पक्षहरूबारे विस्तृत चर्चाको लागि हेर्नुहोस् डग्लस (सन् १९८७) । रेडियो प्रसारणको व्यक्तिगत प्रयोग गर्ने अभ्यास (अंग्रेजीमा उनीहरूलाई 'आमच्योर रेडियो अपरेटर्स' भनिन्छ) बीसौं शताब्दीको पहिलो दशकमै सुरु भयो (डग्लस सन् १९८७: १८७-२१५) । पहिलो विश्व युद्धको समाप्तीपछि यो अभ्यास अमेरिकामा अझ बढी प्रचलित भयो । आफू सानो हुँदा (सन् १९१९ तिर) नै 'आमच्योर रेडियो अपरेटर' भई पछि सन् १९५१ मा नेपालमा सेण्ट जेभियर्स स्कूल खोल्न आएका पादरी मार्शल मोऱ्यानले नेपालबाटै यस्तो रेडियो प्रसारण/प्रयोग कसरी गरे भन्ने विवरणको लागि हेर्नुहोस् मेस्सरस्मिथ (सन् १९९७: २३७-७४) ।

कार्यक्रम उत्पादनको खर्च व्यवस्थापनले पनि यस्तो सञ्जालको विकासक्रमलाई टेवा दियो (स्मुल्यान सन् १९९४: ३७-६४) । अमेरिकी अनुसन्धानकर्ता सुजन स्मुल्यानका अनुसार राष्ट्रिय सञ्जालको रेडियो प्रसारण अमेरिकाका निश्चित ठाउँहरूमा अति शक्तिशाली ट्रान्समिटरहरूद्वारा गर्ने प्रयास प्राविधिक कारणले सफल भएन । त्यसैगरी केन्द्रिकृत स्टेसनबाट शर्टवेभमा प्रसारण गरी क्षेत्रीय प्रसारण केन्द्रद्वारा टिपेर तिनलाई पुनः मिडियम वेभमा प्रसारण गर्ने प्रयास पनि सफल नभएपछि राष्ट्रिय प्रसारणको सञ्जाल टेलिफोनको नेटवर्कमा आधारित हुन गयो । सन् १९२६ मा रेडियो कर्पोरेशन अफ अमेरिकाअन्तर्गत नेशनल ब्रोडकाष्टिङ कम्पनी (एनबीसी) स्थापना भयो । एनबीसीले अमेरिकाभरि विभिन्न ठाउँमा रहेका रेडियो स्टेसनहरूको सञ्जालमार्फत रेडियो प्रसारण सुरु गऱ्यो । सन् १९२८ मा अर्को यस्तै कम्पनी कोलम्बीया ब्रोडकाष्टिङ सिस्टम (सीबीएस) पनि खुल्यो ।[२]

यी सबै प्रयासहरूबाट रेडियो सेटको बिक्री सुरुमा बढ्दै गयो । नेशनल एसोसिएसन अफ ब्रोडकाष्टरले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् १९२२ मा अमेरिकामा जम्मा ६० हजार घरमा रेडियो थियो भने त्यसको सात वर्षपछि यो सङ्ख्या बढेर एक करोड पुगिसकेको थियो (दानेशी सन् २००२: ९९) । तर सेटको बिक्रीबाट मात्र रेडियो प्रसारणका राष्ट्रिय सञ्जालमा बज्ने कार्यक्रमको खर्च धान्न नसकिने देखेपछि अमेरिकामा रेडियोमा विज्ञापन बजाएर त्यसबाट कमाएको आम्दानीमार्फत रेडियो प्रसारण चलाउने संस्थाहरू जन्मन पुगे । तिनले रेडियोमा विज्ञापनलाई स्थापित गर्न विभिन्न काइदाहरू अपनाए (स्मुल्यान सन् १९९४: ६५-९२) । सन् १९२८ पछि विज्ञापनको आम्दानीमा आधारित रेडियो प्रसारण विरुद्धमा अमेरिकी समाजको विभिन्न तप्काबाट विरोध भयो । तर रेडियो व्यापारीहरूले आफ्ना प्रतिद्वन्द्वीहरूलाई जित्दै सन् १९३५ सम्ममा व्यापारिक प्रसारण नै अमेरिकी रेडियोको मुख्य पहिचानको रूपमा स्थापना गर्न सफल भए (म्याक्चेस्नी सन् १९९३) । रेडियो प्रसारणको स्वरूप र कार्यक्रमहरूको अन्तर्वस्तु, बजार अर्थतन्त्र र विज्ञापनकर्ताहरूको चाहना र रुचिबमोजिम हुन पुग्यो ।[३]

[२] अमेरिकामा भएका रेडियो प्रसारणसम्बन्धी सुरुका प्रयासका थप विवरणका निम्ति हेर्नुहोस् ब्रीग्गस् (सन् १९६१: ५८–६९), स्टर्लिङ र किट्रोस (सन् १९७८: ३७–९३) र डग्लस (सन् १९८७) ।

[३] सन् १९२० देखि सन् १९५० बीच अमेरिकामा बजेका रेडियो कार्यक्रमहरूबारे विस्तृत विवरणका लागि हेर्नुहोस् बक्सटन र ओएन (सन् १९७३) । सोही अवधिमा अमेरिकी समाजमा रेडियोको सांस्कृतिक इतिहासका लागि हेर्नुहोस् हिल्मस (सन् १९९७) ।

बेलायतमा मार्कोनी कम्पनीले सन् १९२० जुनमा चेम्सफोर्डबाट मनोरञ्जनात्मक रेडियो कार्यक्रम प्रस्तुत गऱ्यो । सुरुमा अमेरिकामा जस्तै रेडियो प्रसारण रेडियो सेट बनाउने कम्पनीहरूको व्यापारिक उद्देश्य पूर्ति गर्न त्यो रेडियो स्टेसन स्थापना भएको थियो । यसअनुरूप नोभेम्बर १९२२ मा रेडियोका सेटहरू बनाउने कम्पनीहरूको सीन्डीकेटको रूपमा ब्रिटिश ब्रोडकाष्टिङ कम्पनी दर्ता भयो । रेडियो सेट उत्पादनकर्ताबाट नै रेडियो कार्यक्रमको प्रचलन बेलायतमा सुरु भएपनि छिटै यसले छुट्टै बाटो समात्यो । ब्रिटिश ब्रोडकाष्टिङ कम्पनीमा डिसेम्बर १९२२ मा प्रमुख व्यवस्थापकको रूपमा आइपुगेका एक इन्जिनियर जोन रिथले रेडियो प्रसारणलाई उच्च नैतिक दृष्टिकोणले हेरिनुपर्छ र रेडियो एउटा महत्त्वपूर्ण राष्ट्रिय सम्पत्ति हो भन्ने तर्क गरे । तसर्थ रेडियोले जनसेवामुखी प्रसारण (पब्लीक सर्भिस ब्रोडकाष्टिङ) गर्नुपर्छ भन्ने रिथको जिद्दी रह्यो । जनसेवामुखी प्रसारण गर्नको लागि रेडियो चलाउने संस्था नाफामुखी हुनुहुन्न र रेडियो कार्यक्रमको स्तर उच्च हुनुपर्छ भन्ने विचार रिथको थियो । रेडियो प्रसारणले सम्पूर्ण राष्ट्रलाई समेट्नुपर्छ भन्ने दृष्टिकोण राख्ने उनी बेलायतमा यी सबै स्वभाव भएका रेडियो प्रसारण हुनको लागि प्रसारण संस्थामा एकिकृत नियन्त्रण हुनुपर्छ भन्ने तर्क गर्थे । यो अनुरूप रेडियो प्रसारकको एकाधिकार हुनुपर्छ भन्ने उनको विचार थियो (ब्रीग्गस् सन् १९६१: २२९-२५०) ।

मिडिया इतिहासकार प्याडी स्क्यानेलले (सन् १९९०: १३-१६) उल्लेख गरेअनुसार रिथको दृष्टिकोणमा जनसेवामुखी प्रसारण मनोरञ्जनमुखीभन्दा बृहत्तर उद्देश्य राख्ने हुनुपर्थ्यो । मानवीय ज्ञान, उपलब्धि र प्रयासका सबै फाँटमा सर्वोत्तम ठहरिएका सामग्री सकेसम्म बढी श्रोताकहाँ पुऱ्याउने उद्देश्य यस्तो प्रसारणले राखेको हुनुपर्छ । उच्च नैतिकताको सम्वर्द्धन गर्ने क्रममा रेडियो कार्यक्रमहरू सस्ता र भद्दा हुनुहुन्न । जनसेवामुखी प्रसारणको नागरिकलाई शिक्षा दिने जिम्मेवारी पनि भएको हुनाले जनमानसको स्वादलाई पनि यसले निर्देशन गर्न सक्नुपर्छ भन्ने रिथको विचार थियो । यस्तो प्रसारणले राष्ट्रिय एकतालाई पनि टेवा पुऱ्याउने र सुसूचित र ज्ञानमा आधारित प्रजातान्त्रिक समाजको निर्माण गर्ने राजनीतिक प्रक्रियामा समेत यसको भूमिका हुन्छ भन्ने तर्क रिथले गरे ।[४]

सन् १९२७ जनवरीमा ब्रिटिश ब्रोडकाष्टिङ कम्पनीलाई ब्रिटिश ब्रोडकाष्टिङ कर्पोरेशन नामको एउटा पब्लीक संस्थाको रूपमा परिवर्तन गरियो । यो अहिलेसम्म पनि बीबीसीको नामले प्रख्यात छ । रिथ र उनका केही सहयोगीहरूले जनसेवामुखी प्रसारणअन्तर्गत बेलायतभर बीबीसीको लण्डनबाट प्रसारित राष्ट्रिय सेवा र केही

---

[४] यो र यसपछिको अनुच्छेद स्क्यानेल (सन् १९९०: १३-१६) मा आधारित छ ।

क्षेत्रीय केन्द्रहरूबाट प्रसारित स्थानीय सेवारूपी प्रणाली तयार गरे । यो प्रणालीमा श्रोतालाई राष्ट्रिय र क्षेत्रीय प्रसारण सुन्न छनोट गर्ने अधिकार रह्यो । रिथ र उनका सहयोगीहरूले राष्ट्रिय र स्थानीय प्रसारण दुवैमा मिश्रित खालका विविध कार्यक्रमहरू उपलब्ध गराउने निर्णय पनि गरे । यसअन्तर्गत शिक्षा, सूचना र मनोरञ्जनका चाहना परिपूर्ति गर्ने रेडियो कार्यक्रमहरू मात्र नभई समाजका विभिन्न तप्काहरू (महिला, बालबालिका, कृषक इत्यादि) लाई रुचिकर हुने कार्यक्रमहरू पनि प्रसारण गरियो ।

यसअनुरूपको रेडियो कार्यक्रम प्रसारण गर्नका लागि रेडियो सेट राख्ने उपभोक्ता र नागरिकहरूबाट बेलायती सरकारले लाइसेन्स शुल्क उठाउने व्यवस्था गर्‍यो । त्यसबाट हुने आम्दानीको आधारमा राज्यले आर्थिक टेवा दिएर चलाइने बीबीसीलाई रेडियो प्रसारणमा एकाधिकार हुने व्यवस्था गरियो । बेलायतमा रेडियोको लोकप्रियता ह्वात्तै बढ्यो । सन् १९२३ मा रेडियो लाइसेन्स शुल्क उठाउने बेलायती अफिस– हुलाक सेवामा असी हजार रेडियो सेट दर्ता भएका थिए भने त्यसको एक वर्षपछि त्यसको सङ्ख्या दश लाख पुगिसकेको थियो । १९२७ सम्ममा बीस लाख र दोस्रो विश्वयुद्ध सुरु हुँदा (सन् १९३९) यो सङ्ख्या नब्बे लाख पुगिसकेको थियो । लाइसेन्सबिना रेडियो राख्नेहरूको सङ्ख्या पनि अत्यधिक हुने हुनाले तत्कालीन समयमा बेलायतमा रेडियोको सङ्ख्या लाइसेन्सको सङ्ख्याभन्दा धेरै बढी भएको निर्क्यौल गरिएको छ (क्रिसेल सन् १९९७ः १६) ।[५]

बेलायती उपनिवेश भएर चलिरहेको एउटा मुलुक भारतमा सन् १९२१ मा बम्बईमा रेडियो प्रसारणको परीक्षण गरियो । यसको दुई वर्षपछि सन् १९२३ नोभेम्बरमा कलकत्ताको रेडियो क्लबले नियमित प्रसारण सुरु गर्‍यो । सन् १९२४ मा बम्बईको रेडियो क्लबले पनि प्रसारण थाल्यो (पेज र क्रली सन् २००१ः ३५) । सोही वर्ष मद्रास प्रेसिडेन्सी रेडियो क्लबको प्रसारण पनि सुरु भयो । सानो प्रसारण क्षमता भएको ट्रान्समिटरबाट सञ्चालित यो रेडियो प्रसारण करिब तीन वर्ष चलेको थियो (अवस्थी सन् १९६५ः ३) । सन् १९२७ मा बम्बई र कलकत्ताबाट इण्डियन ब्रोडकाष्टिङ कम्पनीको नाममा निजी कम्पनीले रेडियो प्रसारण गरेको थियो । करिब ५० किलोमिटर रेडियस क्षेत्रमा मात्र प्रसारण क्षमता भएका रेडियो ट्रान्समिटरको प्रयोग गरिएका यी प्रसारणहरू सन् १९३० को मार्चमा कम्पनी नै धराशयी भई बन्द भए (कुमार सन् २००३) । सन् १९३० को

---

[५] बेलायतमा रेडियो प्रसारणका सुरुका दिनहरूबारे विस्तृत जानकारीको लागि हेर्नुहोस् ब्रीग्गस् (सन् १९६१) र क्रिसेल (सन् १९९७ः ९-४३) । स्क्यानेल (सन् १९९०) ले बेलायतमा जनसेवामुखी प्रसारणबारे सोचमा भएका ऐतिहासिक परिवर्तनहरूको चर्चा गरेका छन् । बीबीसीको जनसेवामुखी प्रसारणले बेलायती समाजको प्रजातन्त्रीकरणमा ठूलो भूमिका खेलेको छ भन्ने जोडदार तर्कका लागि हेर्नुहोस् स्क्यानेल (सन् १९८९) ।

दशकमा गरिएको एउटा विश्लेषणअनुसार तत्कालीन अवस्थामा उपलब्ध रेडियो सेटहरू अति महङ्गो भएकाले (चार भाल्भ सेटको सन् १९३० मा भारु ५ सय पर्थ्यो), उक्त कम्पनीसँग पर्याप्त पूँजी नभएकाले र रेडियो सेटको लाइसेन्स शुल्क (रु १०) उठाउने सजिलो तरिका अपनाउन नसकिएकाले सो कम्पनी धराशयी हुन पुगेको थियो (फियल्डेन सन् १९३९: ३ लाई उद्धृत गर्दै कुमार सन् २००३) ।

अप्रिल १९३० पछि इण्डियन स्टेट ब्रोडकाष्टिङ सर्भिसको नाममा भारत सरकारको मातहतमा रेडियो प्रसारण पुनः सुरु भयो । यो व्यवस्था सन् १९३१ मा बन्द भयो । पछि सन् १९३२ मे मा पुनः सोही नामबाट भारतीय सरकारी व्यवस्थापनमा रेडियो प्रसारण सुरु भयो र १९३६ जुनमा यसको नाम परिवर्तन गरी अल इण्डिया रेडियो राखियो । भारतभित्रै सापेक्ष रूपमा स्वतन्त्र रहेका केही राज्यहरू (जसलाई अंग्रेजीमा प्रीन्सली स्टेट भन्ने गरिन्छ) ले स्वतन्त्र रेडियो प्रसारण सेवा १९३० को दशकमै स्थापना गरे । सन् १९३५ मा मैसुरमा र त्यसको केही वर्षपछि बरोडा, ट्रिभान्ड्रम, हैदराबाद र अरूंगाबादमा रेडियो प्रसारण सेवाहरू स्थापना भए (गोस्वामी सन् १९९६: ३७-३८) ।

सन् १९३२ मा भारत लगायत अन्य बेलायती उपनिवेशहरूलाई ध्यानमा राखी बीबीसीले *साम्राज्य सेवा* भन्ने नियमित कार्यक्रम प्रसारण गर्न थाल्यो । इण्डियन स्टेट ब्रोडकाष्टिङ सर्भिस र पछि अल इण्डिया रेडियोमा बज्ने कार्यक्रम र तिनको ढाँचामा बीबीसीको प्रभाव थियो (लेलीभेल्ड सन् १९९०: ४३) । बीबीसीबाट नै काजमा खटाइएका व्यक्तिहरू सन् १९३० को दशकको उत्तरार्धमा भारतमा रेडियो प्रसारण सेवा विस्तार गर्न आइपुगेका थिए । तर पर्याप्त बजेटको अभावमा त्यो सम्भव भएन । भारतीय स्वतन्त्रताका लागि चलिरहेको आन्दोलनको विरुद्ध भारतमा बेलायतको राजनीतिक रुचि रक्षा गर्न रेडियोको प्रयोग कसरी गर्ने भन्नेबारे दुविधाग्रस्त नीति थियो (गुप्ता सन् १९९५) । जुन रूपले बीबीसीमार्फत बेलायतमा रेडियो फस्टायो, त्यहीअनुरूप बेलायतको उपनिवेश भारतमा रेडियोको विकास हुन सकेन ।

यसो हुँदाहुँदै पनि सन् १९४० सम्ममा भारतमा केन्द्रिकृत प्रसारण सेवामा आधारित रेडियोको एउटा राष्ट्रिय सञ्जाल तयार भइसकेको थियो ।[६] सन् १९४७ मा भारत स्वतन्त्र भएपछि अल इण्डिया रेडियो केन्द्रीय सरकारी स्वामित्त्वमा सञ्चालित भयो । सरकारी नोकरशाही तन्त्रको शिकार हुँदै आएको अल इण्डिया रेडियो सन्

---

[६] बेलायतअन्तर्गतको भारतमा रेडियो प्रसारणको इतिहासका केही पक्षहरूको विश्लेषणका लागि हेर्नुहोस् गुप्ता (सन् १९९५) र लेलिभेल्ड (सन् १९९०) । गुप्ताको पुस्तकमा भारतमा रेडियो प्रसारणको विकास कसरी गर्न सकिन्छ भन्ने छलफलमा बीबीसीका जोन रिथ र अरू व्यक्तिहरूको पनि कसरी संलग्नता रहन गयो भन्ने चर्चा गरिएको छ ।

१९७० को दशकमा इन्दिरा गान्धीले लगाएको दुई वर्षे सङ्कटकालमा सरकारी प्रोपोगाण्डा गर्ने प्रसारण संस्थामा परिणत भयो (थोमस सन् १९९०) । सन् १९९० मा प्रसार भारती नामको कर्पोरेशन खडा गरी रेडियो प्रसारणलाई स्वायत्तता दिने कुरा कानुनी रूपमा पास भएपनि सन् १९९७ पछि मात्र त्यसलाई सक्रिय तुल्याइयो (नीनान सन् १९९८) । यसो हुँदाहुँदै पनि अभ्यासमा यो स्वायत्तता सङ्कुचित हिसाबले मात्र देखा परेको छ । सन् १९९९ पछि भारतको केन्द्रीय सरकारले एफएम रेडियो निजी र गैरसरकारी क्षेत्रलाई खुलाए पनि अल इण्डिया रेडियोको व्यवस्थापन र सञ्चालनमा भारतीय सरकारको प्रभूत्त्व कायम छ (कुमार सन् २००३) । जनताका लागि रेडियो प्रसारणको अभ्यास– जनसेवामुखी राष्ट्रिय प्रसारण वा सामुदायिक रेडियो प्रसारण– भारतमा अझ देख्न पाइएको छैन, भएको छैन (रामास्वामी सन् १९९०) ।[७]

## रेडियो नेपालको विकासक्रम

नेपालमा भने रेडियो प्रसारण बजार अर्थतन्त्रमा आधारित कम्पनीले नाफा कमाउने अमेरिकी मोडल वा जनसेवामुखी प्रसारण गर्न सरकारी सहयोगमा स्वायत्त रेडियो संस्था चल्ने बेलायती मोडलभन्दा भिन्न कारणले विकसित भएको देखिन्छ । राणाविरोधी मुक्ति सेनाले सात सालको क्रान्तिक्रममा भोजपुर र विराटनगरबाट क्रान्तिलाई सघाउने खालको प्रसारण गरिसकेकाले क्रान्ति सफल भई राणा शासनको अवसानपछि देशमा रेडियो प्रसारण सेवा पनि हुनुपर्छ भन्ने साधारण विचार कार्यान्वयन भएको देखिन्छ । यसप्रकार विराटनगरबाट भइरहेको प्रसारणलाई विश्वेश्वरप्रसाद कोइरालाको सल्लाहमा रोकी काठमाडौँबाट प्रसारण गर्ने निधो गरियो (हेर्नुहोस् अध्याय २) । सो मुताविक २० चैत २००७ बाट

[७] भारतबाट छुट्टिएपछि पाकिस्तानमा भएको रेडियोको विकासक्रमको लागि हेर्नुहोस् खालिद (सन् १९८६) । नेपालको उत्तरी छिमेकी मुलुक चीनमा सम्भवतः सबभन्दा पहिले रेडियो सन् १९२३ जनवरीमा सांघाइमा स्थापना भयो । एउटा अमेरिकी पत्रकारले स्थापना गरेको उक्त रेडियो स्टेसनको नाम ओशबर्न रेडियो स्टेसन थियो र उक्त स्टेसन सुरु हुँदा करिब पाँचसय ओटा रेडियो सेटहरू सांघाइमा भएको विश्वास गरिन्छ । केही महिनापछि यो रेडियो स्टेसनको अवसान भयो । तर सांघाइमै अरू रेडियो स्टेसनहरू अमेरिकी व्यापारीहरूले नै सुरु गरे । चीनियाँहरूकै स्वामित्त्वको रेडियो स्टेसन चाहिँ सांघाइमा सन् १९२७ मा मात्र सुरु भएको हो । जुन अक्टोबर १९२९ सम्म चली बन्द भयो । सन् १९३२ को अन्तसम्ममा सांघाइमा मात्र ४९ ओटा रेडियो स्टेसन थिए र फेब्रुअरी १९३६ सम्ममा उक्त सहरमा करिब ७० हजार रेडियो सेट प्रयोगमा रहेको अनुमान गरिन्छ (एसएचएमइ मिति उल्लेख नभएको) । चीनमा भएको रेडियोको विकासक्रमबारे थप जानकारी प्राप्त गर्न कठिन भयो । विश्वका अन्य देशमा भएका रेडियोका अभ्यासहरूबारे यहाँ जानकारी दिइएको छैन ।

सिंहदरबारभित्र एउटा सानो घरमा काम चलाउ स्टुडियो बनाई तारिणीप्रसाद कोइराला र अन्य व्यक्तिको संलग्नतामा 'प्रजातन्त्र नेपाल रेडियो' खुल्न पुगेको हो। पछि यही स्टुडियो 'नेपाल रेडियो' हुँदै रेडियो नेपाल भयो।

यसरी खुलेको रेडियो सरकारी स्वामित्त्वमा सञ्चालन हुने कुराबाहेक यसका अन्य पक्षहरूबारे सरकारी वा अन्य तप्काबाट रेडियो नेपालका सुरुका दिनहरूमा विचार प्रवाहित भएको प्रमाण हामीले भेटेका छैनौँ। रेडियो सेटको लाइसेन्स रकम लिने चलन त स्थापना गरियो तर यो प्रावधानबाट उठ्ने रकम सिङ्गो रेडियो नेपाल चलाउन धेरै नै अपुग हुने हुँदा सरकारी अनुदानबाट नै चल्ने संस्थाको रूपमा रेडियो नेपाल अगाडि बढ्न थाल्यो। पछि विज्ञापन पनि बज्न थाल्यो। सरकारी अनुदान, विज्ञापन र लाइसेन्स शुल्कबाट उठेको पैसाबाट चल्ने रेडियो सरकारी स्वामित्त्व र सरकार निर्देशित सञ्चालन प्रक्रियाबाट अगाडि बढ्न थाल्यो। यसर्थ रेडियो नेपाललाई भारतको अल इण्डिया रेडियो मोडलमा चलेको प्रसारण संस्था भन्न मिल्छ।

वि.सं. २००७ देखि २०१७ को बीचको दशकमा रेडियोलाई नेपाली समाजको आधुनिकीकरणमा प्रयोग गर्नुपर्छ भन्ने सोचअन्तर्गत दूर शिक्षा र अन्य केही विकाससम्बन्धी सन्दर्भमा रेडियो नेपालबारे केही सोच र अभ्यासहरू भए। यसै सिलसिलामा २०१४ सालमा रेडियो नेपालबाट *प्रौढ शिक्षा* कार्यक्रम पनि प्रसारण गरियो (हेर्नुहोस् अध्याय ६)। यसो भए तापनि तत्कालीन राजनीतिक नेताहरू र राजा त्रिभुवन तथा महेन्द्रले रेडियोबारे खासै विचार प्रतिपादन गरेको हामी भेट्दैनौँ। २०१५ सालको चुनावी प्रचारमा रेडियोको प्रयोग गरिएको कुरा त जानकारीमा आएको छ (सुवेदी प्रकाशोन्मुख, शाह २०१९ग)। तर उक्त चुनावमा दुई तिहाइ बहुमतले विजयी नेपाली काँग्रेसको चुनाव घोषणापत्रमा रेडियोबारे केही भेटिन्न। रेडियोबारे उक्त पार्टीको त्यसबेलाको धारणाका रूपमा विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भएपछि उनले रेडियोबारे बोलेको एउटा घटना मात्र हामीलाई थाहा छ। १६ मङ्सिर २०१६ मा रेडियो नेपालको नयाँ ट्रान्समिटर उद्घाटन अवसरमा उनले रेडियोबारे बोलेका थिए। रेडियो नेपालको पत्रिका *झङ्कार* (२०१६खः ३२) अनुसार वीपी कोइरालाले त्यतिबेला यसो भने "सरकारले गरेको वा गर्न लागेको कार्यहरू जनतामा प्रकट गर्न र सरकार तथा जनताका बीच राम्रो सम्बन्ध स्थापनाको माध्यममा रेडियो एक महत्त्वपूर्ण अङ्ग हो। खासगरी पत्रपत्रिका आदि देशव्यापी हुन नसकेको यस अवस्थामा त हाम्रो देशका लागि रेडियोले धेरै महत्त्वपूर्ण स्थान राख्दछ।" कोइरालाले उक्त अवसरमा रेडियो नेपालको प्रशंसा गर्दै भनेका थिए– "प्रजातन्त्रपट्टि अहिलेसम्ममा रेडियो

नेपालले राम्रो काम गरी प्रगति गरेको छ र सरकार यसको अरू पनि विकास होस् भन्ने चाहन्छ ।”

१ पुस २०१७ को प्रजातन्त्र खोसिएको काण्डपछि रेडियो नेपालको प्रयोगबारे सरकारी सोचमा आमूल परिवर्तन आयो । रेडियो नेपाललाई बहुदलीय व्यवस्थाका अवगुणहरूको प्रचार प्रसार गर्ने साधन बनाउन र आफूले सुरु गर्न लागेको पार्टीरहित पञ्चायत व्यवस्थाको प्रोपोगाण्डा फैलाउन राजा महेन्द्रले रेडियो नेपालको प्रचूर उपयोग गरे । पञ्चायत व्यवस्था अनुरूपको राजनीतिक र सांस्कृतिक प्रयोगमा रेडियो सबभन्दा शक्तिशाली माध्यम सावित भयो । पञ्चायती राजनीतिसँगै विकासे क्रियाकलापसँग पनि रेडियोको नाता जोडियो । नेपाली समाजको विकास राजाद्वारा निर्देशित पञ्चायत पद्धतिबाट मात्र सम्भव छ भन्ने निष्कर्ष निकालेपछि त्यसलाई देशभर फैलाउने काम रेडियो नेपालले गर्‍यो (यो प्रक्रियाको चर्चा अध्याय ७ मा गरिएको छ) । साथै पञ्चायती पद्धतिलाई सुहाउँदो साहित्य र सङ्गीत फाँटमा नेपाली राष्ट्रियताको पहलकदमी पनि रेडियो नेपालले नै गर्‍यो ।

यसरी पञ्चायतको प्रादुर्भावपछि रेडियो नेपाललाई व्यवस्थाको प्रचारमा लगाइयो तर रेडियो प्रसारणबारे ठोस रूपमा नीति, योजना र कार्यक्रम लामो समयसम्म पनि बन्न सकेन । २०२८ सालमा ‘विकासका लागि सञ्चार’ भन्ने मूल नाराका साथ सञ्चार योजना तर्जुमा गरियो । यसमा रेडियो नेपालले समाजका विभिन्न वर्गहरू जस्तैः कृषक, मजदुर, युवक, बाल-बालिका आदिलाई लक्ष्य गरी कार्यक्रम प्रसारण गर्नुपर्ने कुरामा जोड दिइएको थियो । विभिन्न कार्यक्रमको खाका पनि प्रस्तुत गरिएको थियो । तदनुरूप वि.सं. २०३० को दशकमा यस्ताखाले केही वर्गीय कार्यक्रमले रेडियो नेपालमा प्रवेश पाएका थिए । कार्यक्रमका अतिरिक्त रेडियो नेपालको आर्थिक, प्राविधिक तथा व्यवस्थापन पक्षलाई सुदृढ गराउनेतर्फ पनि यस योजनाले नीति निर्देशन गरेको थियो (हेर्नुहोस् अध्याय ४, ५, ६) । सरकारी स्वामित्त्व र अनुदानमा रेडियो चल्ने व्यवस्था पञ्चायतकालको झण्डै अन्तसम्म कायम रह्‍यो । सरकारी स्वामित्त्वभन्दा इतर पक्षबाट रेडियो चलाउने सम्भावनालाई पञ्चायतकालभरि प्रयोगमा ल्याइएन ।

वि.सं. २०४१ मा रेडियो नेपाल विकास समिति ऐनअन्तर्गत एउटा स्वतन्त्र समितिको मातहतमा चलेको प्रसारण संस्था बन्यो । यसअघि रेडियो नेपाल आर्थिक रूपले सरकारकै प्रत्यक्ष खटनपटन र पोषणमा हुर्कंदै आएको थियो । रेडियो नेपाललाई आत्मनिर्भर र स्वायत्त संस्था बनाउने सोचअनुरूप विकास समिति बनाइएको थियो । यसको पूर्वाधारस्वरूप यसअघि २०४१ सालमै ‘रेडियो नेपालको सुधार र सुदृढीकरण योजना’ तर्जुमा गरिएको थियो (हेर्नुहोस् अध्याय ४) ।

यस योजनाअनुसार रेडियो नेपाललाई आर्थिक रूपमा सुदृढ बनाउन केही उल्लेख्य परिवर्तनहरू पनि भएको पाइन्छ । बाहिरी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा प्रसारण शुल्क लगाउने र रेडियो नेपाल आफैले उत्पादन गरेका कार्यक्रमहरू उद्योगी व्यवसायी र अन्य संस्थाहरूलाई प्रायोजन गर्न दिने नीति यसै योजनापछि अख्तियार गरिएको हो । यसै अवधिमा विज्ञापन शुल्कमा पनि वृद्धि गरियो । विकास समितिमा परिणत भएपछि रेडियो नेपाललाई शेयर ऋणपत्र लगायत विभिन्न ठाउँमा लगानी गर्ने अवसर प्राप्त हुँदा आयस्रोत अझै थपिन पुग्यो ।

यसरी, रेडियो नेपालले सरकारी काखमा हुँदा जति कमाउँथ्यो, विकास समितिको मातहतमा रहेपछि त्यसमा निकै वृद्धि हुन गयो (हेर्नुहोस् अध्याय ५) । तर यो वृद्धि चिरस्थायी हुन भने सकेन । त्यसपछि पनि सरकारी हस्तक्षेपको शिकार भई नै रह्यो रेडियो नेपाल । २०४६ सालको जनआन्दोलनपछि सरकारमा पुगेका राजनीतिक पार्टीहरूले पनि रेडियो नेपालको दुरुपयोग गर्न छाडेनन्, सकेजति दोहन नै गरे । विभागीय मन्त्री परिवर्तन हुनेबित्तिकै आफ्ना कार्यकर्तालाई जागिरेको रूपमा रेडियो नेपालमा भर्ती गर्ने चलन बढ्दै गयो । करार वा अस्थायी नियुक्तिका नाममा गरिने यस्ता कार्यले कर्मचारीको भिड अनावश्यक रूपमा थुपार्‍यो । यसका लागि एउटा शाखाको मात्र उदाहरण लिएपनि पुग्छ । २०५४ सालमा समाचार शाखामा मात्र ६६ जना कर्मचारी कार्यरत थिए । त्यो सङ्ख्या आवश्यकताभन्दा बढी भएको भनी त्यतिबेलै चर्चा भएको थियो (नाम उल्लेख नभएको २०५४) । २०६० सालको अन्तसम्ममा त यो सङ्ख्या बढेर एक सयको हाराहारीमा पुगेको छ । जसमा करार सेवामा मात्र पचासभन्दा बढी कर्मचारी छन् ।[८] जबकि छ वर्षअघि र अहिलेको स्थितिमा समाचार प्रसारणमा त्यति ठूलो अन्तर आएको छैन । यसर्थ पारिश्रमिकबापतको अत्यधिक खर्च रेडियो नेपालको आर्थिक स्थिति खस्काउनमा प्रमुख जिम्मेवार देखिन्छ । साथै चर्को विद्युत महशुल नियन्त्रण गर्नेतर्फ कदम नचालेका कारण पनि रेडियो नेपाल आर्थिक रूपले मारमा परेको छ ।

अर्कातिर, पञ्चायतकालमा झैं प्रजातान्त्रिक कालमा पनि रेडियोबाट प्रसारण हुने समाचार वा समाचारमूलक कार्यक्रमहरूमा विपक्षीको विचार र उसको अस्तित्त्वलाई लगभग अस्वीकार गर्ने काम भयो । सत्तारूढ दलले सरकारी सञ्चारमाध्यमको दुरुपयोग गर्दै विपक्षीलाई होच्याउने र खेद्ने प्रवृत्ति हरेक सरकारको पालामा बढ्दै गयो । सत्तारूढ दल नजिकका व्यक्तिलाई काम दिने

[८] रेडियो नेपाल प्रशासन महाशाखाको रेकर्ड, चैत २०६० अनुसार ।

र सत्तारूढ दलकै पक्षमा विषयवस्तु पस्कने प्रवृत्तिको *घटना र विचार* राम्रो उदाहरण हो (हेर्नुहोस् अध्याय ९)। यी परिदृश्यले प्रजातान्त्रिक भनिएका सरकारले पनि रेडियो नेपाललाई प्रजातान्त्रिक बनाउनेतर्फ पाइला चाल्नुको बदला यसमाथि हस्तक्षेप गरी आफ्नो स्वार्थ अनुकूल उपयोग गरेको पुष्टि गर्छ। यसप्रकार रेडियो नेपालको संरचना कागजी रूपमा स्वायत्त जस्तो देखिए पनि सरकारी अनुदानमा भर पर्दै त्यही अनुदानसँगै आउने सरकारी नियन्त्रण र हस्तक्षेप भोगेर गुज्रिरहेको छ।

यति हुँदाहुदै पनि प्रजातन्त्र पुनर्स्थापनापछि रेडियो नेपालमा केही सुधारजन्य काम भने अवश्य नै भएका छन्। वर्षौंदेखि बन्द रहेको नेवारी र हिन्दी भाषाको समाचार प्रसारण २०४७ को असार १५ गतेबाट पुनः सुरु गरियो। नेपालीबाहेक अन्य भाषाको अस्तित्त्व रेडियो नेपालले स्वीकार गर्न थालेको सङ्केत थियो यो। यसपछि क्रमशः अन्य भाषाहरूले पनि रेडियो नेपालको समाचारमा प्रवेश पाउन थाले (हेर्नुहोस् अध्याय ६, २० र २१)। २०५१ सालमा रेडियो नेपालमा राष्ट्रिय भाषाहरूमा समाचार प्रसारण गर्नेबारे नीति नै बन्यो। यसरी प्रजातन्त्र पुनर्स्थापनापछि रेडियो नेपालले एकलभाषिक नीतिबाट बहुभाषिक नीति अख्तियार गऱ्यो।

देशको बदलिँदो परिस्थितिलाई ध्यानमा राख्दै २०४९ सालमा नयाँ सञ्चार नीति लागू गरियो (हेर्नुहोस् अध्याय ४)। यस नीतिमा राजधानी केन्द्रित रेडियो प्रसारणलाई विकेन्द्रित गर्दै क्षेत्रीय प्रसारण केन्द्रको अवधारणाअनुसार क्षेत्रीय प्रसारण गर्ने उल्लेख छ। यही नीतिअनुसार २०५० सालदेखि नै देशका विभिन्न पाँच स्थानबाट क्षेत्रीय प्रसारण सुरु भयो। क्षेत्रीय प्रसारण केन्द्रले दैनिक रूपमा स्थानीय भाषाका समाचारका साथै स्थानीय भाषा, संस्कृति र रहन-सहनमा आधारित कार्यक्रमहरू प्रसारण गर्दै आएका छन् (घिमिरे २०५६, थापा २०५८, पण्डित क्षेत्री २०५६, शाक्य २०५६)। तथापि केन्द्रकै बजेट र तजबीजमा चल्नुपर्ने हुनाले यी क्षेत्रीय प्रसारण केन्द्रहरू निश्चित सीमामा बाँधिएका छन्।

२०४९ सालको सञ्चार नीतिकै उपजस्वरूप कार्यक्रम उत्पादन तथा सञ्चालनमा निजी क्षेत्रको पहुँच पुग्न गयो। गैरसरकारी संस्थालाई कार्यक्रम उत्पादन र सञ्चालन प्रक्रियामा संलग्न गराउने नीति भने २०४५ सालमा नै बनेको थियो तर रेडियो प्रशासनमा व्यवहारिक उदारताको कमी वा गैरसरकारी क्षेत्र आफै पनि सबल नभएकाले कार्यक्रम उत्पादनमा उक्त क्षेत्रको संलग्नता थिएन। २०४९ सालपछिको अवधिलाई हेर्ने हो भने रेडियो कार्यक्रमको उत्पादन र कार्यक्रम सञ्चालनमा निजी तथा गैरसरकारी संस्थाको उपस्थिति बलियो हुँदै गएको छ। यसले रेडियो नेपालको कार्यक्रममा निकै विविधता थपेको छ (हेर्नुहोस् अध्याय ६)।

महिला, दलित, अपाङ्ग लगायत समाजका विभिन्न उपेक्षित वर्गका आवाजले पनि ठाउँ पाएका छन् । महिलासम्बन्धी कार्यक्रम रेडियो नेपालले धेरै पहिलेदेखि नै सञ्चालन गर्दै आएको थियो । तर यसले महिलालाई आफ्ना संवैधानिक अधिकार र लैङ्गिक समानताबारे सचेत बनाउनेतर्फ भन्दा पनि घर व्यवहारमै सीमित गराउने सामग्री प्रस्तुत गर्‍यो (हेर्नुहोस् अध्याय १९) ।

नयाँ सञ्चार नीति सँगै आएको राष्ट्रिय प्रसारण ऐन २०४९ पनि रेडियो प्रसारणका सवालमा निकै महत्त्वपूर्ण कदम थियो (हेर्नुहोस् अध्याय ४) । यो ऐनले गैरसरकारी स्वामित्त्वमा रेडियो प्रसारण गर्न आवश्यक सबै ढोका खोलिदियो । यसले गर्दा नेपालीहरूलाई सूचना र मनोरञ्जनका लागि वैकल्पिक रेडियो स्टेसनहरू प्राप्त भएका छन् । रेडियो नेपालको एकाधिकार समाप्त भएको छ । तसर्थ प्रतिस्पर्धाको नयाँ परिस्थितिमा आफूलाई सबल र सक्षम बनाउनु यसको सबैभन्दा ठूलो चुनौती हो ।

## रेडियोबारे अध्ययन

विभिन्न देशमा रेडियोसम्बन्धी अभ्यासहरूको ऐतिहासिक अध्ययन गर्ने परम्परा बसिसकेको छ । सुरुमा विशेष गरेर बेलायत र अमेरिकामा आ-आफ्नो रेडियोसम्बन्धी अनुभवलाई ध्यानमा राखी इतिहासकार, रेडियोकर्मी र अन्य लेखकहरूले कलम चलाएको पाइन्छ । बेलायत र अमेरिकामा यस्तो खालको लेखनको पनि झण्डै ८० वर्षको परम्परा बसिसकेको छ । पछि यस्तो लेखन परम्परा अन्य मुलुकमा पनि स्थापना भइसकेको हामी पाउँछौँ । यसो हुँदा हुदै पनि बेलायत र अमेरिकामा समेत समाज विज्ञानको सैद्धान्तिक व्याख्यान परम्परामा रेडियोको अनुपस्थितिबारे प्रशस्त दुखेसो पोखिएको छ । अर्थात् जुन हिसाबले प्रीन्ट र भिजुअल (दृश्यप्रधान मिडिया जस्तो सिनेमा र टेलिभिजन) बारे समाजशास्त्रीय विधाहरूमा विश्लेषण र बहस भएको देखिन्छ, त्यो हिसाबले रेडियोबारे अध्ययनको परम्परा जमेको देखिन्न । यसो किन भयो भनेर बुझ्न आवश्यक छ ।

मिशेल हिल्म्स (सन् २००२: ३-४) अनुसार दोस्रो विश्वयुद्धको समय सम्ममा अमेरिकामा रेडियो अति प्रचलित सञ्चारमाध्यम भइसकेको थियो । तर उक्त युद्धको समाप्तिपछि टेलिभिजनको कारणले गर्दा रेडियो ओझेलमा पर्न सुरु गर्‍यो । दोस्रो विश्वयुद्धमा युद्ध प्रयोजनका लागि सामान बनाउने कम्पनीहरूले युद्धको समाप्तिपछि बजारको लागि नयाँ सामग्री उत्पादन गर्ने लक्ष्य राखे । अमेरिकी बजारमा रेडियो सेटहरूको थप बिक्रीको लागि थोरै स्थान भएकाले र नयाँ यन्त्र टेलिभिजन थोरै अमेरिकीको घरमा मात्र पुगेकाले ती कम्पनीले टेलिभिजन बनाउन थाले ।

तत्कालीन अमेरिकामा रहेका रेडियोका तीन प्रमुख राष्ट्रिय सञ्जालले रेडियोका सबभन्दा बढी सफल कलाकार र कार्यक्रमलाई साथै विज्ञापनकर्ताहरूलाई रेडियोबाट सारेर टेलिभिजनतर्फ लैजान भरमग्दुर कोसिस गरे । सन् १९४० को दशकको उत्तरार्ध र १९५० को दशकको सुरुतिर ती रेडियो सञ्जालले आफ्ना सफल कार्यक्रमहरूबाट कमाएको पैसा भर्खरै सुरु भएका आ-आफ्ना टेलिभिजन विभागपट्टि लगानी गरे । यसरी रेडियोको अन्तर्वस्तु र व्यापारिक धरातललाई टेलिभिजनले भत्कायो ।[९]

सन् १९५० को दशकपछि अमेरिकामा रेडियोका राष्ट्रिय सञ्जालहरू क्रमशः सुक्न थाले । स्थानीय रेडियो संस्कृति निर्माण हुने क्रममा अमेरिकी गोरा संस्कृतिको मूलधारभन्दा बाहिरका युवा र वर्णको हिसाबले सीमान्तकृत समुदायको पहुँच र मनोरञ्जनको साधन बन्यो रेडियो । मूलधारभन्दा बाहिरको समुदायमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएकाले पनि प्राज्ञिक र आलोचनात्मक सन्दर्भमा रेडियोको सांस्कृतिक विश्वसनीयतामा थप ह्रास आयो । सन् १९५० को दशक र सन् १९६० को दशकको सुरुआतमा अमेरिकामा प्रचलित आधुनिकीकरणको सिद्धान्तमा विश्वास गर्ने इतिहास लेखनको परिपाटीले पनि रेडियोपट्टि समाजविज्ञानको ध्यान कम गयो भन्ने हिल्म्स (सन् २००२: ५-६) को विश्वास छ । बजार व्यवस्थारूपी आधुनिकीकरणमा आधारित आर्थिक विकास क्रमले सम्पूर्ण विश्वलाई गाँज्दैछ भन्ने सोचमा टिकेको यो समाजशास्त्रीय परिपाटीमा रेडियो एउटा विकासे चिहान मात्रै थियो जसको उपयोगितालाई टेलिभिजनले समाप्त पारिसकेको थियो ।

यी सब कारणले गर्दा रेडियोले अनुसन्धानका लागि चाहिने आर्थिक स्रोत आफूतिर आकर्षित गर्न सकेन । टेलिभिजनको बजार बढाउन गरिने व्यवसायिक अनुसन्धानका लागि उपलब्ध आर्थिक स्रोतले प्राज्ञिक अनुसन्धानको एजेन्डालाई पनि निर्माण गर्‍यो । यसरी समाजशास्त्रीय विधाहरूमा अनुसन्धानको दृष्टिले पछाडि परेको रेडियो विभिन्न कारणले गर्दा दृश्य मिडियालाई प्रमुख ठान्ने मिडियाको कलात्मक सैद्धान्तिक अध्ययनमा पनि पछाडि पर्‍यो (हिल्म्स सन् २००२: ६–८) ।

यस्तो वातावरणमा रेडियोसम्बन्धी अध्ययन अन्तर्राष्ट्रिय स्तरमा नै कमजोर स्थितिमा छ भन्नु त्यति आश्चर्यजनक कुरा होइन । कम अनुसन्धानका कारण समाज विज्ञानका दृष्टिकोण प्रयोग गरी लेखिएका रेडियोसम्बन्धी पुस्तक कम छन् । त्यति मात्र नभएर अध्यापन अनुसन्धानको लागि आवश्यक प्राज्ञिक पूर्वाधार

[९] यो र यसपछिका दुई अनुच्छेद हिल्म्स (सन् २००२) मा आधारित छन् ।

नै कम भएर रेडियोले मिडिया र सांस्कृतिक अध्ययनमा मूलप्रवाहरूपी ध्यान आकर्षण गर्न सकेको छैन भन्ने विचार बेलायती अनुसन्धानकर्ता पीटर लुइसको छ (लुइस सन् २००० ) ।[१०] समाज विज्ञानको दायराभित्र मात्र होइन लुइसका अनुसार अरू कलात्मक क्षेत्रमा पाइने ऐतिहासिक र आलोचनात्मक सन्दर्भ नहुँदा रेडियो श्रोताहरूले आफूले सुनेका कार्यक्रमहरू बुझ्न आफ्नो श्रवण अनुभवलाई विस्तृत सामाजिक परिवेशसँग जोड्ने बौद्धिक अभ्यास गर्न पनि गाह्रो छ ।

फिल्म र टेलिभिजनले बढी ध्यान पाउनुमा प्रीन्टको पठन परम्पराको प्रभाव पनि छ भन्ने विचार लुइस (सन् २०००: १६३) ले राखेका छन् । दृश्यप्रधान मिडियाको 'दृश्यपठन' प्रीन्टको पठन परम्पराको निरन्तरता भएकाले विश्लेषकहरूको ध्यान यतापट्टि आकर्षित छ तर रेडियोको आवाज संस्कृति प्रीन्टभन्दा पुरानो मौखिक श्रवण परम्परासँग नजिक भएकाले यो प्राज्ञिक हेलचक्र्याइँमा परेको छ भन्ने उनको राय छ । प्राज्ञिक क्षेत्रभन्दा बाहिर रेडियो उत्पादनले मिडियामा समेत उचित आलोचनात्मक ठाउँ पाउन सकेको छैन । प्रीन्ट मिडिया जस्तै पछिसम्म नरहनुका साथै प्रसारण हावामा बिलाउने र प्रसारण भएका सामग्रीहरूको राम्रो भण्डारण नभएकाले पनि रेडियोसम्बन्धी अनुसन्धान पछाडि परेको हो भन्ने लुइसको विचार छ (लुइस सन् २०००) ।

## रेडियो नेपालसम्बन्धी अध्ययन

नेपालको सन्दर्भमा भने हाम्रो समाज विज्ञानको कमजोर प्राज्ञिक धरातल नै रेडियोसम्बन्धी अध्ययनको कमीका लागि सबभन्दा बढी जिम्मेवार छ । नेपाली संस्कृतिको अध्ययनमा पुरातन विषयहरूको विगविगी र नेपाली भाषाको विश्वविद्यालयस्तरको अनुसन्धानमा मुद्रण संस्कृतिमा आधारित साहित्य र पत्रकारिताको परम्परा जोडदार रूपमा स्थापित छ । इतिहास फाँटको अनुसन्धानमा शुद्ध राजनीतिक इतिहासको पकड अझ पनि बलियो रहेको र समाजशास्त्रीय एवं मानवशास्त्रीय अनुसन्धान परम्परामा जनमानसको संस्कृति र इलेक्ट्रोनिक मिडियाबारे आलोचनात्मक अध्ययनको कमीले गर्दा हाम्रो प्राज्ञिक अनुसन्धानको क्षेत्रभित्र रेडियो खासै पर्न सकेको छैन । विकासको पेलान परेको मुलुकमा रेडियो प्रसारण पनि विकासे सन्दर्भको सोचाइअन्तर्गत पर्न आएकाले 'जनचेतना बढाउने' र विकास गर्ने मार्काका केही रेडियो कार्यक्रमबारे श्रोता सर्वेक्षण र लेख भेटिन्छन् ।

[१०] पीटर लुइसले जेरी बुथसँग मिलेर सन् १९८९ मा लेखेको रेडियोसम्बन्धी पुस्तकको शीर्षक नै छ– *द इन्भिजिबल मिडियम* (अर्थात् देख्न नसकिने माध्यम) ।

यी पनि प्राय विदेशीहरूको संलग्नतामा गरिएका अनुसन्धानमा आधारित छन् । एकदुई अपवाद बाहेक नेपालमा काम गर्ने विदेशी अनुसन्धानकर्ताको ध्यान रेडियोतिर गएको देखिन्न ।[११]

२०४६ साल पछिको प्रजातान्त्रिक वातावरणमा भएको नेपाली मिडियाको विकाससँगै यसमाथि हुने अध्ययन अनुसन्धानले पनि गति लिन थालेको आभास पाइन्छ ।[१२] खासगरी ५० को दशकपछि मिडिया टिप्पणीकार तथा यससम्बन्धी अध्ययन अनुसन्धानमा लागेका व्यक्तिहरूले आमसञ्चारको प्रभावकारी माध्यम रेडियो प्रसारणबारे नै बढी ध्यान दिन थालेका छन् । २०५४ सालयता गैरसरकारी क्षेत्रले एफएम रेडियो सञ्चालन गर्न थालेपछि तिनमाथि अध्ययन अनुसन्धान गर्ने तथा पुस्तक लेख्ने क्रम झन् तीव्र हुँदै गएको छ । हालका वर्षहरूमा एफएमबारे रेडियो नेपालभन्दा बढी अध्ययन अनुसन्धान भएका छन् । लामो इतिहास बोकेको रेडियो नेपालतर्फ अनुसन्धानकर्ताहरू त्यति आकर्षित भएको पाइन्न ।[१३]

नेपालमा रेडियो प्रसारणसम्बन्धी समाजशास्त्रीय अध्ययन भएका उदाहरणहरू कमै भेटिन्छन् । रेडियो नेपालबारे गरिएकामध्ये एकखालका अध्ययनहरू राष्ट्रिय श्रोता सर्वेक्षणमा आधारित छन् । सन् १९६९ मा डेनियल टेलर र हेम हमाल (सन् १९७४) ले गरेको अध्ययन नै यस्ता अध्ययनहरूमध्ये पहिलो हो । रेडियो नेपालको प्रसारणबारे समग्र रूपमा गरिएको यो अध्ययनपछाडि यस्तै समग्र पक्ष समेटिएको र रेडियो सेटको सङ्ख्या अनुमान गर्ने अरू तीन ओटा राष्ट्रिय सर्वेक्षण भएका छन् (न्यू एरा सन् १९७४, रिडा सन् १९८९ तथा मङ र घिमिरे सन् १९९७) । यिनको चर्चा अध्याय २२ मा गरिएको छ ।

---

[११] हेर्नुहोस् ग्रचाण्डिन (सन् १९८९) जसको तल चर्चा गरिएको छ । रेडियो नेपालमा बज्ने एउटा कार्यक्रम *म्यूजिकल आवर*को थोरै चर्चा लिक्टि (सन् २००३: २०१-४) ले गरेका छन् । एफएम रेडियोमा बज्ने *मेरो कथा मेरो गीत* कार्यक्रमको विश्लेषण कुन्रूथर (सन् २००४) मा भेटिन्छ । नेपालका एफएम रेडियोहरूबारे भएका अन्य अध्ययन तथा लेख्य सामग्रीको विवरणका लागि हेर्नुहोस् पराजुली, वन्त, अधिकारी, भट्ट र हुमागाईं (२०६०: ८४-९८) ।

[१२] २०४६ सालपछि नेपाली मिडियासम्बन्धी भएका अध्ययनको जानकारीका लागि *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (पराजुली, वन्त, अधिकारी, भट्ट र हुमागाईं २०६०) हेर्नुहोस् । नेपाली मिडियासम्बन्धी मार्टिन चौतारीबाट र यसको पहलमा भएका अध्ययन अनुसन्धानबारे जानकारीका लागि हेर्नुहोस् वन्त र पराजुली (२०५८), वन्त (२०५८), वन्त, पराजुली र पराजुली (२०५९), वन्त र मैनाली (२०५९), वन्त र पराजुली (२०६०), पराजुली र वन्त (२०६०), ओझा (२०६०) र प्रधान (२०६१) ।

[१३] यसको प्रमाणका लागि एफएम रेडियोका विभिन्न पक्षहरूबारे नेपालमा प्रकाशित पुस्तकहरूको बढ्दो सङ्ख्यालाई पनि लिन सकिन्छ, हेर्नुहोस् आचार्य (सन् २००४), अधिकारी (२०५९), लुईंटेल र आचार्य (२०६१), वन्त र मैनाली (२०५९) । जबकि हरि श्रेष्ठ (२०५६ख) लगायत रेडियो नेपालमा विगत र वर्तमानमा कार्यरत केही व्यक्तिहरूका संस्मरणात्मक पुस्तकबाहेक रेडियो नेपालमा नै केन्द्रित अनुसन्धानमूलक पुस्तक भेटिन्न ।

दोस्रो खालको अध्ययनअन्तर्गत रेडियो प्रसारणबारेको सम्भाव्यता अध्ययनलाई लिन सकिन्छ । नेपालमा विकासमुखी चेतना जगाउनमा रेडियो प्रसारणको उपयोग गर्नेबारे सन् १९७५ मा ठूलै स्तरको सम्भाव्यता अध्ययन गरिएको थियो । राष्ट्रिय विकासका विभिन्न पाटोहरू जस्तैः शिक्षा, स्वास्थ्य, कृषि, ग्रामीण विकास आदिमा रेडियोको उपयोग कसरी गर्न सकिन्छ र त्यसको प्रभाव कस्तो हुन सक्छ भन्ने सम्बन्धमा यस्तो अध्ययन भएको थियो (मायो र अरू सन् १९७५) । युएसएआइडी, युनिसेफ र ब्रिटिश काउन्सिल जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा यो अध्ययन भएको हो । स्टचाण्डफोर्ड युनिभर्सिटीका जोन के मायोको नेतृत्त्वमा आएको छ जनाको समूहले यो अध्ययन गरेको थियो । उक्त समूहले औपचारिक र अनौपचारिक शिक्षाको विकास गर्न, गाउँपञ्चायतका पदाधिकारीहरूमा ग्रामीण भेगमा स्वास्थ्य र कृषि क्षेत्रमा कार्यरत प्राविधिक जनशक्ति (जस्तैः जेटीए, स्वास्थ्य सहायक, अहेव, ओभरसियर, इन्जिनियर, अटोमेकानिक आदि) लाई रेडियोमार्फत सरल रूपमा आवश्यक तालिम वा सीप प्रदान गर्न रेडियो कार्यक्रमले विशेष भूमिका खेल्न सक्ने निष्कर्ष निकालेको थियो । उक्त अध्ययन टोलीले प्राथमिक विद्यालयका शिक्षकहरूले हरेक वर्ष रेडियोमार्फत शिक्षण तालिम प्राप्त गर्नुपर्ने व्यवस्थालाई मुख्य सुझावको रूपमा गरेको थियो । यसले नेपालमा दूर शिक्षा रेडियो कार्यक्रमको विस्तारका लागि गतिलो आधार निर्माण गरिदिएको थियो । यसै अध्ययनका आधारमा सन् १९८१ देखि नै *रेडियो शिक्षक तालिम कार्यक्रम* सुरु गरियो । वि.सं. २०५० सालदेखि दूर शिक्षा केन्द्रको स्थापना गरी यो कार्यक्रमका साथै विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूसमेत दूर शिक्षा रेडियो कार्यक्रमअन्तर्गत सञ्चालन गरिँदै आएको छ (अधिकारी २०५८, सेरिड सन् २००१, चिराग सन् २००१) ।

रेडियो नेपालबारे भएका तेस्रो प्रकृतिका अध्ययनहरू यहाँबाट प्रसारित विकासे सन्दर्भका कार्यक्रम/आयोजना मूल्याङ्कन गर्ने प्रक्रियामा भएका छन् । अरूखालका अध्ययनको तुलनामा यस किसिमको अध्ययनको सङ्ख्या ठूलो छ । त्यसमा पनि प्रायः अध्ययनहरू रेडियो नेपालबाट प्रसारित *रेडियो शिक्षक तालिम कार्यक्रम*मा केन्द्रित छन् ।[१४] तीमध्ये श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय र युएसएआइडीको संयुक्त आयोजनामा सन् १९८१ मा सुरु भएको

---

[१४] हेर्नुहोस् पराजुली (सन् २००२), सेरिड (सन् २००१), चिराग (सन् २००१), अधिकारी (२०५८), होल्म्स, कर्माचार्य र मायो (सन् १९९१, १९९३), मायो, होल्म्स र कर्माचार्य (सन् १९९२), प्रधान र पेज (सन् १९८२), ओकुदीशु (सन् १९८३), ओकुदीशु र क्लासेक (सन् १९८६), ओस्लेन (सन् १९९७), बुटरवर्थ, कर्माचार्य र मार्टिन (सन् १९८३) ।

प्रथम चरणको *रेडियो शिक्षक तालिम कार्यक्रम*को मूल्याङ्कनका लागि युएसएआइडीको पहलमा भएको अध्ययन एउटा हो । बुटरवर्थ, कर्माचार्य र मार्टिन (सन् १९८३) को संयुक्त टोली सम्मिलित उक्त अध्ययन दोस्रो चरणको रेडियो तालिम कार्यक्रम सञ्चालनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्न गरिएको थियो । विविध समस्याले गर्दा गुणस्तरका हिसाबले सोचेजति सफल नभएपनि शिक्षक सहभागिताका आधारमा सङ्ख्यात्मक हिसाबले तालिम कार्यक्रम सफल रहेको निष्कर्ष निकालिएको थियो । केही सुधारसहित उक्त तालिम कार्यक्रमलाई निरन्तरता दिनु पर्ने अध्ययनको सुझाव थियो । *रेडियो शिक्षक तालिम कार्यक्रम*सम्बन्धी भएका यस्ता अध्ययनहरू प्रायः यो कार्यक्रम सञ्चालन गर्न आर्थिक वा अन्य सहयोग गर्ने श्री ५ को सरकार र दातृसंस्थाहरू युएसएआइडी, युनेस्को आदिको सहयोग वा अग्रसरतामा भएका देखिन्छन् । आफूले लगानी गरेका आयोजनाको मूल्याङ्कन गर्ने सवालमा नै यी अध्ययनहरू भएका छन् । केही भने नेपाल वा बाहिरका विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूद्वारा स्नातकोत्तर वा विद्यावारिधी तहमा बुझाउनुपर्ने शोधपत्रका लागि भएका छन् (अधिकारी २०५८, ओकुदीशु सन् १९८३) ।

रेडियो नेपालमा वैशाख २०३० देखि प्रसारित अर्को शैक्षिक कार्यक्रम *स्कुल प्रसारण*बारे पनि एउटा अध्ययन भएको थियो । संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) र ब्रिटिश काउन्सिलको आर्थिक र प्राविधिक सहयोगमा उक्त कार्यक्रम सञ्चालित थियो । सो कार्यक्रमको प्रभावकारिता मूल्याङ्कनका लागि युनिसेफकै सहयोगमा न्यू एरा (सन् १९७९) ले यो अध्ययन गरेको थियो । विकासे सन्दर्भकै सिलसिलामा रेडियो नेपालबाट प्रसारित स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू पनि अध्ययनको दायरामा परेका छन् । परिवार नियोजन वा जनस्वास्थ्यसम्बन्धी चेतना विस्तार गर्नमा रेडियो नेपालबाट प्रसारित सामग्रीको कस्तो भूमिका रहने गर्दछ र कति प्रगति भयो भन्ने सवालमा यस्ता अध्ययनहरू भएका देखिन्छन् । तीमध्ये केही अध्ययनहरू[१५] रेडियो नेपालसँगमात्र सम्बन्धित छन् भने केहीमा[१६] रेडियो नेपालसहित आमसञ्चारका अन्य माध्यमहरू पनि समेटिएको छ ।

चौथो प्रकृतिका अध्ययनमा समाजका विभिन्न वर्ग र मुद्दाहरूलाई लक्षित गरी सञ्चालित कार्यक्रमको सर्वेक्षण वा विश्लेषणमा आधारित अध्ययनहरू पर्दछन् ।

---

[१५] न्यू एरा (सन् १९९३), शरण र भेलेण्ट (सन् २००२), बउले, स्टोरी र सुड (सन् २००२), स्टोरी, बउले, कार्की, हिकर्ट र कर्माचार्य (सन् १९९९), गुन्थर र स्टोरी (सन् २००३), श्रेष्ठ (सन् १९८९), चित्रकार र श्रेष्ठ (१९८६) ।

[१६] खड्का (सन् २००१), लिञ्च (सन् २०००), मिश्र (सन् १९९६), झा, पोखरेल र सेगल (सन् १९९९) ।

अपाङ्ग बालबालिकासँग सम्बन्धित कार्यक्रम *हातेमालो* (न्यू एरा सन् १९८४) *कृषि कार्यक्रम* (शर्मा २०५९, सन् २००३, सेडा सन् २००१), *साहित्यिक कार्यक्रम* (च्यून २०५३), *खोज खबर* (हुमागाईं २०६०), *हाकाहाकी* (सिडिसि सन् २०००, कम्यूनिकेशन कर्नर सन् २००१), *मानव अधिकार शिक्षा* रेडियो कार्यक्रम (मिडिया प्वाइन्ट २०५५) बारे साना ठूला अध्ययनहरू भएका छन् ।

पाचौँ खालका अध्ययनअन्तर्गत विभिन्न राष्ट्रिय वा मातृभाषाको प्रसारणलाई ध्यान दिएर गरिएका अध्ययन पर्दछन् । २०५१ सालमा रेडियो नेपालले राष्ट्रिय भाषामा समाचार प्रसारण गर्नेबारे सुझाव दिने हेतु एउटा अध्ययन पनि गरेको थियो (रेडियो नेपाल २०५१) । उक्त अध्ययनकै सुझावअनुसार २०५१ भदौ १ गतेदेखि नै सम्बन्धित क्षेत्रीय प्रसारण केन्द्रमार्फत विभिन्न आठओटा राष्ट्रिय भाषामा रेडियो नेपालले समाचार प्रसारण गर्न थालेको थियो । पछि यो प्रक्रिया विस्तार गर्दै लगियो (हेर्नुहोस् अध्याय ६) । त्यसरी सुरु गरेपछि त्यसको प्रभाव र श्रोताहरूको प्रतिक्रिया बुझ्ने उद्देश्यले रेडियो नेपालले श्रोता सर्वेक्षण पनि थालेको पाइन्छ । त्यसै क्रममा सर्वप्रथम २०५७ सालमा राई-बान्तवा र पूर्वीया थारू भाषासम्बन्धी श्रोता सर्वेक्षण गरिएको थियो (रेडियो नेपाल २०५७ख) । मोरङ र सुनसरी जिल्लालाई आधार मानिएको उक्त सर्वेक्षणको विधि गुणात्मक थियो । यसपछि अन्य भाषाहरूका सम्बन्धमा भने सर्वेक्षण हुन सकेको छैन । रेडियो नेपालले नेवारी भाषालाई दिएको स्थान र त्यसको प्रभावबारे व्यक्तिगत तवरबाट पनि दुई अध्ययनहरू भएका छन् (सुवाल २०५६, भट्टराई २०५१ख) । यी दुवै अध्ययनहरू त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको शोधपत्रका लागि गरिएका हुन् ।

नेपालको सामाजिक वा सांस्कृतिक गतिविधिमा रेडियो प्रसारणले पारेको प्रभावको मूल्याङ्कन गर्ने हिसाबले पनि एकाध अध्ययन नभएका होइनन् । यी अध्ययनलाई छैठौँ प्रकृतिका अध्ययनको रूपमा लिन सकिन्छ । काठमाडौँको नेवार समुदायमा गीत सङ्गीतको गायन र श्रवणसम्बन्धी अभ्यासबारे इन्गिमार ग्रचाण्डिन (सन् १९८९) ले एउटा अध्ययनमा गरेका छन् । उक्त अध्ययनमा आधारित*म्युजिक एण्ड मिडिया इन लोकल लाइफः म्युजिक प्राक्टिस इन अ नेवार नेवरहुड इन नेपाल* भन्ने पुस्तक प्रकाशित छ । यसमा ग्रचाण्डिनले काठमाडौँको नेवार समुदायमा प्रचलित गीत सङ्गीतको परम्परागत अभ्यासमा आधुनिक सञ्चारमाध्यम जस्तैः रेडियो, टेलिभिजन, फिल्म आदिको प्रवेशले के कस्तो प्रभाव पार्‍यो भन्ने विषयको चर्चा गरेका छन् । जसमा रेडियो नेपालको स्थापना र यसपछि नेपाली समाजमा गीत सङ्गीतले मार्दै गएको फड्कोबारे

उल्लेख गर्दै यसले समाजमा पारेको प्रभावलाई पनि समेटिएको छ (ग्र्याण्डिन सन् १९८९: १५-२४, ११२-१५०) ।

हाम्रो जानकारीभन्दा बाहिर पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा रेडियो नेपालसम्बन्धी अन्य केही अध्ययनहरू भएका हुन सक्छन् । तसर्थ रेडियो नेपालबारे के कति अध्ययनहरू भएका छन् भनी सङ्ख्या तोक्न गाह्रो छ । तर जानकारीमा आएका यी अध्ययन अनुसन्धानका प्रकाशित वा अप्रकाशित प्रतिवेदनका आधारमा पनि के भन्न सकिन्छ भने रेडियो नेपालका अध्ययनले त्यति व्यापकता पाउन सकेको छैन । रेडियो नेपालका शिक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रमबारे भएका अध्ययनको सङ्ख्या तुलनात्मक रूपले अरू विषयका भन्दा धेरै छन् । ती पनि कार्यक्रमको प्रसारणपछि जनसमुदायमा के प्रभाव पर्‍यो भन्नेमा नै केन्द्रित छन् । कार्यक्रमको उत्पादन पक्ष, जनशक्ति, लागत आदि धेरै कुराहरूलाई समेट्ने गरी अध्ययन हुन सकेको पाइन्न । अधिकांश अध्ययनका प्रतिवेदनहरू अंग्रेजी भाषामा र त्यसमा पनि विदेशी दातृसंस्था र व्यक्तिहरूद्वारा गरिएका र अप्रकाशित छन् । विदेशी अनुसन्धानकर्ताहरूले गरेका अध्ययनहरू प्रकाशित भएपनि विदेशी जर्नल र पुस्तकमा हुने भएकाले नेपाली अनुसन्धानकर्ताहरूका लागि त्यति सुलभ छैनन् । खासगरी रेडियो नेपालमाथि अध्ययन अनुसन्धानमा चासो राख्नेहरू कि त यसबाट प्रसारित कार्यक्रमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दातृसंस्था छन् कि विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरू । यसले के देखाउँछ भने रेडियो नेपालको अनुसन्धान अहिलेसम्म औपचारिकता निभाउने कुराबाट बाहिर जान सकेको छैन । अर्को शब्दमा भन्नुपर्दा रेडियो नेपाल सामाजिक अनुसन्धानको दायराभित्र आउन सकेको देखिँदैन ।

रेडियो नेपालबारे भए गरेका अध्ययन अनुसन्धानबाहेक उक्त संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरूका अनुभव वा संस्मरणहरू पनि उतिकै महत्त्वपूर्ण छन् । त्यस्ता अनुभव वा संस्मरणहरू पुस्तक वा लेख/रचनाका रूपमा बाहिर आएका छन् । रेडियो नेपालको अध्ययन अनुसन्धानले नछोएका कतिपय पाटाहरूबारे यस्ता संस्मरणहरूले केही मात्रामा जानकारी दिन्छन् । लामो समयदेखि रेडियो नेपालमा सँगालेका अनुभव वा संस्मरणलाई हरि श्रेष्ठ (२०५६ख), शान्ता श्रेष्ठ (२०५२) र पाण्डव सुनुवार (२०५६) ले आ-आफ्नो पुस्तकमा समेटेको पाइन्छ । समाचारवाचकको रूपमा लामो समय रेडियो नेपालमा बिताएका ध्रुव थापा (२०५६) ले आफ्नो अनुभवका साथै थप अध्ययनका आधारमा समाचारबारे लेखमार्फत विस्तृत जानकारी गराएका छन् । त्यस्तै मोहन थापा (२०५८), पुरुषोत्तम सापकोटा (२०५८), वासुदेव मुनाल (२०५६), मदनदास श्रेष्ठ (२०५३/५४),

खगेन्द्र नेपाली (२०३५), किरणमणि दीक्षित (सन् १९७९), बुलु मुकारुङ (२०५६) आदिले आ-आफू संलग्न रहेका कार्यक्रम वा गीत सङ्गीतबारेमा कलम चलाएका छन् । श्यामदास वैष्णव (२००९) र तारिणीप्रसाद कोइराला (२०१६) ले रेडियो नेपालको प्रारम्भिक अवस्थाको वोध गराएका छन् । रामविक्रम सिजापति (२०४०/४१), भोग्यप्रसाद शाह (२०५४), महेशप्रसाद अधिकारी (२०५४), ध्रुवकुमार देउजा (सन् २००२) र शिव रेग्मी (२०४७, २०५४) का लेखहरूबाट रेडियो नेपालको इतिहास र विकासक्रमबारे विभिन्न जानकारी पाइन्छ । यीमध्ये धेरैमा रेडियो नेपालभन्दा पहिले रेडियो प्रसारणका सम्बन्धमा भएका प्रयास/अभ्यासबारे पनि उल्लेख गरिएको छ । उल्लिखित लेख/रचनाहरूमध्ये किरणमणि दीक्षित र ध्रुवकुमार देउजाको बाहेक सबै नेपाली भाषामा प्रकाशित छन् ।

रेडियो नेपालबारे माथि उल्लिखितबाहेक अरू सानातिना लेखहरू पनि पुस्तक र पत्र पत्रिकामा प्रकाशित भएका पाइन्छन् । त्यस्ता लेखहरूमा रेडियो नेपालका विभिन्न पक्षहरूबारे सकारात्मक र नकारात्मक प्रतिक्रिया व्यक्त गरिएको हुन्छ । खासगरी रेडियो नेपालको जन्मजयन्ती अर्थात् चैत २० गतेको सेरोफेरो पारेर बढी मात्रामा लेखहरू लेखिने गरिएको छ (उदाहरणका लागि बस्न्यात २०२५, शर्मा २०३४, भुर्तेल २०५०, नाम उल्लेख नभएको २०५६, देउजा २०५६) । त्यस्तै रेडियो नेपालमा कुनै नयाँ किसिमको समाचार वा कार्यक्रम थप हुँदा बढी मात्रामा कलम चलेको देखिन्छ । रेडियो नेपालमा भएको कुनै परिवर्तनले समाजमा एक किसिमको तरङ्ग पैदा गरेपछि त्यसको प्रतिविम्बका रूपमा यी लेखहरू आएको मान्न सकिन्छ (लुइँटेल २०५७, देउजा २०४९, २०५१, अधिकारी २०५१) । प्रायः यस्ता लेखहरू रेडियो नेपालबाट प्रकाशित *झङ्कार* पत्रिकाका विभिन्न अङ्कमा र चैत २० गतेको सेरोफेरोमा *गोरखापत्र*मा प्रकाशित छन् ।

नेपाली साहित्यको विधामा अन्य धेरै विषयवस्तुले स्थान पाएको हामी पाउँछौं । यद्यपि रेडियो वा रेडियो नेपाललाई विषयवस्तु बनाई साहित्य लेखिएको एकाध (गौतम २०५२) बाहेक अरू उदाहरण हामीसँग छैन ।

## यस पुस्तकमा के छ ?

रेडियो नेपालबारे माथि उल्लिखित सामग्रीहरू मात्र उपलब्ध भएको देखेर हामीलाई थप सामग्री उत्पादन गर्ने जोश आयो । थप सामग्रीको निर्माण हाम्रै मिडिया अनुसन्धान समूहका सदस्यहरूको अनुसन्धानबाट, सम्बन्धित विषयका विज्ञहरूबाट र रेडियोका साधारण श्रोताबाट गर्न सकिन्छ भन्ने हामीलाई लाग्यो । पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन गरिसकेपछि हामीले रेडियो नेपालसँग

विभिन्न समयमा सम्बद्ध व्यक्तिहरूलाई भेटी थरीथरीका जिज्ञाशा राखेका थियौँ । उनीहरूबाट उपलब्ध सूचनालाई केलाएर, मिलाएर अनुसन्धान अगाडि बढायौँ । यसै क्रममा रेडियोकर्मी र अनुसन्धानकर्ताहरूबीच मार्टिन चौतारीमा औपचारिक र अनौपचारिक छलफल पनि गराइएको थियो । केही रेडियोकर्मी र लेखकहरूलाई उनीहरूसँग भएको रेडियो नेपालसम्बन्धी ज्ञानअनुसारको विषयमा कलम चलाउन अनुरोध पनि गरेका थियौँ । यही कुराकानी, अनुसन्धान, अनुरोध, लेखन, पुनर्लेखन र सम्पादन प्रक्रियाबाट गुज्रेर यो पुस्तक आएको छ ।

रेडियोबारे गरिने अध्ययन बृहत् हुन सक्छ । यसका विभिन्न पक्षहरू जस्तै विषयवस्तु, जनशक्ति, स्वामित्त्व, प्रविधि, श्रोतासँगको सम्बन्ध, स्टेसनको स्वरूप, नीति नियम, विज्ञापन इत्यादि हरेकबारे बेग्लाबेग्लै विश्लेषण, टीका-टिप्पणी र विवेचना गर्न सकिन्छ । यी विभिन्न विषयहरूको बेग्लाबेग्लै विश्लेषण यस पुस्तकमा गरिएको छैन । रेडियो अध्ययनका बहुआयामिक सम्भावनालाई स्वीकार्दै सुरुआती तहमा प्रसारणको अन्तर्वस्तु, प्रसारण संस्था, र श्रोताबारे रेडियोको अनुसन्धान हुन सक्छ भन्ने कुरा स्टेफन वर्नाड (सन् २०००: ७) ले रेडियो अध्ययनसम्बन्धी आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । प्रस्तुत पुस्तकमा पनि यी तीन विषयलाई केन्द्रमा राखी त्यसै अनुरूपका लेख समावेश गरिएको छ । यसमा परिचय बाहेक मुख्य तीन खण्डहरू छन्: संस्थागत पक्षहरू; कार्यक्रम र उत्पादन; रेडियो र समाज ।

यसमा समावेश परिचयबाहेक २३ लेखहरूमध्ये १० ओटा लेख पुराना र पूर्व प्रकाशित हुन् भने बाँकी १३ ओटा यसै पुस्तकका लागि तयार गरिएका नयाँ लेखहरू हुन् ।[१७] पुराना लेखहरू प्रशस्तै लेखहरूको थुप्रोबाट धेरै चरणको छनोट पार गरेपछि मात्र पुस्तकमा समावेश गरिएका हुन् । पुराना भएपनि यी लेखले केही न केही निश्चित प्रवृत्ति इङ्गित गरेकाले पाठकलाई बासी कुरा मात्र पढे जस्तो लाग्दैन भन्ने हाम्रो अनुमान छ । यीमध्ये प्रायजसो लेखका लेखकहरू रेडियो नेपालसँग कुनै न कुनै समयमा सम्बद्ध व्यक्तिहरू हुन् । नयाँ लेखमध्ये मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्रका मिडिया अनुसन्धान समूहका अनुसन्धाताले लेखेका केही अनुसन्धानमूलक लेखहरू यस सङ्ग्रहमा परेका छन् । केही अन्य व्यक्तिहरूलाई उनीहरूको विज्ञताअनुरूप हामीले विषय तोकेर लेख लेखिदिन अनुरोध गर्‍यौँ । यसो गर्दा थप पाँच लेख हामीलाई प्राप्त

---

[१७] यसै पुस्तकका लागि भनेर लेखिएका लेखमध्ये ६ ओटा लेखहरू केही भिन्न रूपमा अन्यत्र पनि प्रकाशित छन् । हेर्नुहोस् अधिकारी (२०६०), शर्मा (२०६०), हुमागाईं (सन् २००३), यात्रु (२०६०, २०६१), वन्त (२०६१क) र वन्त (२०६१ख) ।

भयो र यसमा समावेश गर्न सकियो । यसप्रकार तीनखाले लेखकका लेखहरू यस पुस्तकमा सङ्गृहित छन् ।

यस पुस्तकमा रेडियो नेपालको ऐतिहासिक रूपरेखा, विकासक्रमको चर्चा साथै केही कार्यक्रमको छुट्टाछुट्टै विवेचना गरिएको छ । तीन खण्डहरूमध्ये पहिलो खण्डमा पाँचओटा लेखहरू परेका छन् । यस खण्डको पहिलो र दोस्रो लेखले नेपालमा रेडियो नेपाल स्थापना हुनुपूर्वका रेडियो प्रसारण अभ्यासबारे जानकारी दिन्छन् । बाँकी तीनओटा लेखमा भने रेडियो नेपालको स्थापनाकालदेखि २०६० सालसम्मको क्रम विकासका विभिन्न ऐतिहासिक पक्षहरू समेटिएका छन् ।

पहिलो लेखमा प्रत्यूष वन्तले रेडियो नेपाल स्थापना हुनुअघि रेडियोबारे नेपालीहरूले गरे-भोगेका अनुभवलाई समेटेका छन् (अध्याय १) । सो लेखमा नेपालीहरूले कहिलेदेखि रेडियो सुन्न थाले, रेडियो सेटहरू नेपालमा कसरी भित्रिन्थे, नेपालीले रेडियो सुन्नु पर्छ या सुन्नुहन्न भन्नेबारे तत्कालीन राणाशासकको कस्तो धारणा थियो, रेडियोमा नेपालीहरूले के सुन्थे, र रेडियो नेपाल सुरु हुनुअगाडि पनि रेडियो प्रसारणका सम्बन्धमा के कस्ता प्रयासहरू भएका थिए आदि पक्षहरूलाई लेखकले विभिन्न व्यक्तिका अनुभवका रोचक झाँकीहरूसहित केलाएका छन् । दोस्रो लेख रेडियो नेपालका संस्थापक डाइरेक्टर तारिणीप्रसाद कोइरालाको संस्मरणात्मक लेख हो (अध्याय २) । यो लेख यसअघि २०१६ सालको *झङ्कार*मा प्रकाशित थियो । विराटनगरमा २००७ सालको क्रान्तिताका तारिणीप्रसाद कोइरालाको नेतृत्त्वमा सञ्चालन गरिएको क्रान्तिकारी रेडियो प्रसारणबारे बृहत् जानकारी यस लेखमा पाइन्छ । त्यतिबेलाको प्रतिकूल परिस्थितिमा रेडियो प्रसारणलाई कसरी सम्भव तुल्याइयो भन्नेदेखि के के प्रसारण हुन्थे, को को संलग्न थिए, राणा शासनविरुद्ध नेपाली काँग्रेसले लडेको उक्त लडाईंमा रेडियोमार्फत युद्धसम्बन्धी खबर कसरी प्रसारण गरियो र यसले क्रान्तिलाई सफल बनाउन के कसरी सहयोग पुऱ्यायो आदिबारेको विस्तृत विवरण यसमा प्रस्तुत छ ।

तेस्रो लेखमा कृष्ण अधिकारीले रेडियो नेपाल स्थापनाको पृष्ठभूमिको चर्चा गर्दै विभिन्न कालखण्डअनुसार यसको विकासक्रमको विश्लेषण गरेका छन् (अध्याय ३) । नेपालमा रेडियो प्रसारणको सुरुआत प्रजातन्त्र स्थापनार्थ भए तापनि कालान्तरमा यसको प्रयोग प्रजातन्त्र विरोधी गतिविधिमा भयो र यसले आवश्यक स्वतन्त्रता पाउन सकेन । रेडियो नेपाल कुनै निश्चित प्रशासनिक संरचनाभित्र रहन सकेन । कहिले कुनै मन्त्रालय र कहिले कुनै विभागअन्तर्गत रहँदै आउँदा यसको संस्थागत स्वरूप सबल बन्न सकेन । २०४६ को परिवर्तनले पनि रेडियो नेपालको विकासमा उल्लेख्य प्रगति ल्याउन सकेन । स्वतन्त्र एफएम

स्टेसनको आगमनपश्चात् रेडियो नेपालको एकाधिकार समाप्त भएको अबको अवस्थामा यसले आफ्नो स्वरूप र शैलीमा आमूल सुधार ल्याउन पर्ने देखिन्छ। यिनै प्रसङ्गलाई अधिकारीको लेखमा उठाइएको छ। चौथो लेखमा देवराज हुमागाईंले रेडियो नेपालसम्बन्धी नीति नियमहरूको नालीबेली उतार्दै तिनको कार्यान्वयन पक्षको विवेचना गरेका छन् (अध्याय ४)। रेडियो नेपालको सम्बन्धमा स्पष्ट सरकारी नीतिकै अभाव र बनेका नीति, कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अभावको दोहोरो कारणले गर्दा यसले आशातित सफलता हासिल गर्न नसकेको निचोड छ उनको। २०४१ सालदेखि स्वायत्त संस्था जस्तो देखिए पनि कर्मचारी नियुक्ति, व्यवस्थापन तथा प्रसारणका विभिन्न अवसरमा सरकारी नियन्त्रण र हस्तक्षेप कायमै छ भने २०४६ सालपश्चात् सबै जातजाति, भाषाभाषी, धर्म संस्कृतिप्रति उदार रहने, समाचार प्रसारणमा पदलाई भन्दा विषयवस्तुलाई महत्त्व दिने, आदि जस्ता नीति तर्जुमा भएपनि तिनको कार्यान्वयनको अभाव स्पष्ट देखिन्छ। यसर्थ रेडियो नेपाललाई आजको प्रतिस्पर्धात्मक युगमा यसको अस्तित्त्व रक्षा गर्दै अगाडि बढाउने हो भने स्पष्ट नीति र कार्यक्रमको तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्ने सुझाव हुमागाईंको छ।

यस खण्डको अन्तिम लेखमा रेडियो नेपालको आर्थिक पक्षको इतिवृत्त पाइन्छ (अध्याय ५)। कोमल भट्टको यस लेखमा कुनै पूर्वाधार बिना स्थापना गरिएको रेडियो नेपालले आजका दिनसम्म आउँदा आर्थिक हिसाबले निकै उतारचढाव बेहोरेको उल्लेख छ। रेडियो नेपाल २०४१ सालमा आंशिक स्वायत्त हुनुअघि श्री ५ को सरकारको एक विभागको रूपमा सञ्चालन हुँदै आएकाले व्यवस्थापनलाई खासै आर्थिक चुनौती थिएन। सञ्चालनको जिम्मा उक्त साल विकास समितिलाई दिइएपछि यसले कार्यक्रमको स्वरूप फेरेर झण्डै आत्मनिर्भर हुने अवस्थामा पुगेको थियो। तर फेरि प्रजातन्त्र पुनर्स्थापना पछिको अवधिमा यसको खर्च आम्दानीभन्दा बढ्दै गइरहेको छ। निजी क्षेत्रका मिडिया वृद्धिका कारण विज्ञापन बजारमा यसको पकड खस्कँदैछ। जनशक्तिमा राजनीतिक नियुक्तिको चाप बढ्दो छ जसले गर्दा यसमाथि अनावश्यक आर्थिक भार थपिएको छ। त्यसबाहेक यसको प्रसारणमा प्रयुक्त पुराना प्रविधिका उपकरणहरू मर्मतका हिसाबले खर्चिला छन्। यिनले खपत गर्ने विद्युतको परिणाम पनि निकै ठूलो छ। यी र अरू अनेक आर्थिक चुनौती रेडियो नेपालका अगाडि छन् जसको चर्चा भट्टको लेखमा गरिएको छ।

कार्यक्रम र उत्पादन यस पुस्तकको दोस्रो खण्ड हो। यसमा परेका लेखहरूले रेडियो नेपालबाट प्रसारण भएका विभिन्न कार्यक्रमलाई नै आफ्नो विषयवस्तु

बनाएका छन् । यस खण्डका केही लेख सम्बन्धित कार्यक्रममा कुनै न कुनै समयमा संलग्न व्यक्तिले नै लेखेका हुन् । तसर्थ यी लेखमा लेखकले आफ्नो अनुभवको प्रतिविम्ब र ज्ञानको प्रस्तुति एकसाथ चित्रण गरेका छन् । आफू संलग्न कार्यक्रमबारे आफैले लेख्दा कार्यक्रमप्रति न्याय होला ? भन्ने प्रश्न उठ्न सक्छ । यी लेखमा पूर्वाग्रहको अंश छैन भन्ने दाबी हाम्रो पनि छैन । तर यी सामग्रीले रेडियो नेपालबारे चासो राख्ने, अनुसन्धान गर्न खोज्नेहरूका लागि प्रशस्त खुराक दिन्छन् ।

रेडियो नेपालका १२ कार्यक्रमबारेका लेख मात्र यहाँ परेका छन् । आफूले प्रसारण गर्ने कार्यक्रमहरूलाई तिनको उद्देश्य र प्रकृतिको आधारमा रेडियो नेपालले सूचनामूलक, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रम भनी तीन वर्गमा छुट्ट्याउने गरेको छ । ती तीनैखाले कार्यक्रममा केन्द्रित लेखहरू यहाँ छन् । तसर्थ यी लेखहरूले रेडियो नेपालका समग्र कार्यक्रमको उत्पादन र प्रसारण प्रक्रियाको प्रतिनिधिमूलक झलक अवश्य नै प्रस्तुत गरेका छन् भन्ने हामीलाई लागेको छ ।

यस खण्डका अघिल्ला दुई लेखले रेडियो नेपालको समग्र कार्यक्रमलाई आफ्नो सीमामा समेटेका छन् । पहिलो लेखमा देवराज हुमागाईंले रेडियो नेपालबाट प्रसारित विभिन्न कार्यक्रमको समीक्षा गरेका छन् (अध्याय ६) । पुराना कार्यक्रमको विश्लेषण तीबारे प्रकाशित विभिन्न सामग्री र कार्यक्रमसँग सम्बन्धित व्यक्तिसितको वार्ताको आधारमा गरिएको हो । रेडियो नेपालको प्रारम्भदेखि २०६० सालसम्ममा यसको कार्यक्रम प्रसारणमा भएको परिवर्तनबारे उनको लेख केन्द्रित छ । यस अवधिभरमा रेडियो नेपालबाट धेरै थरीका कार्यक्रमहरू प्रसारण भइसकेका छन् । रेडियो नेपालले झैं यो लेखमा पनि समग्र कार्यक्रमलाई सूचनामूलक, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रममा वर्गीकरण गरी चर्चा गरिएको छ । साथै कार्यक्रम उत्पादनमा रेडियो नेपाल इतरका बाह्य पक्षको संलग्नताको खोजीनिती पनि समावेश छ । दोस्रो लेखमा प्रत्यूष वन्तले पञ्चायती व्यवस्था र रेडियो नेपालका कार्यक्रमको अन्तरसम्बन्ध केलाएका छन् (अध्याय ७) । रेडियो नेपालबाट प्रसारित केही सामग्रीहरूलाई उदाहरणस्वरूप पेश गर्दै पञ्चायतका हस्तीहरूले उक्त व्यवस्थाका राजनैतिक र विकासे उद्देश्यहरूको निम्ति रेडियोको उपयोग कसरी गरे भनेर सो लेखमा चर्चा गरिएको छ ।

यस खण्डका बाँकी लेख कुनै एक कार्यक्रम वा विधामा केन्द्रित छन् । रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रमहरूमध्ये समाचारको महत्त्व र प्रभावकारिता अधिक छ । विभिन्न सर्वेक्षणले श्रोताको पहिलो रोजाइमा समाचारलाई देखाएका छन् । यसको महत्त्व र प्रभावकारितालाई दृष्टिगत गरी स्रोत र साधनका हिसाबले अत्यन्त दुःख र अभावका सुरुआती दिनहरूमा पनि समाचार सङ्कलन

गर्न, लेख्न र पढ्नका लागि त्यसबेला उपलब्ध हुन सकेसम्म दक्ष र योग्य व्यक्तिहरूलाई छनोट गरेको थाहा हुन्छ। रेडियो नेपालमा समाचारका कार्यक्रम स्थापनाकालदेखि नै भएपनि सामयिक घटनाको विश्लेषण गर्ने कार्यक्रमको अभाव नै थियो। तर प्रजातन्त्रको पुनर्स्थापनापश्चात् रेडियो नेपालमा *घटना र विचार, परिवेश, परिक्रमा* जस्ता नयाँ कार्यक्रमले प्रवेश पाए। यस पुस्तकमा रेडियो नेपालको समाचारबारे ध्रुव थापा र *घटना र विचार*बारे प्रज्ज्वल चापागाईंको लेख समावेश छ। रेडियो नेपालको समाचार शाखामा थापाको प्रत्यक्ष संलग्नता भएकाले समाचारसम्बन्धी उनको लेखमा समाचार उत्पादन र प्रसारणका विभिन्न आयामबारे सरल लेखाजोखा हुन सकेको छ (अध्याय ८)। सरकारी सञ्चारमाध्यमका समाचारमा घटनाभन्दा पनि त्यसका पात्रहरूको आधारमा समाचारको प्राथमिकता निर्धारण हुने गरेको पाइन्छ। त्यसबाहेक निर्णय र निष्कर्षविहीन बैठक बसेका कुरा, अर्ती र उपदेशसहितका भाषण र वक्तव्य, कुनै एउटा सानो समुदायको मात्र सरोकार हुने सूचना र विज्ञप्तिजस्ता कुरालाई पनि अक्षरशः समाचारमा स्थान दिने प्रचलन छ। उनले यस्तो परम्परा रहेको तथ्यलाई स्वीकार्दै यसलाई तोड्न नसक्नुमा रेडियो नेपाल मात्र एक्लै दोषी नभएको उल्लेख गरेका छन्। यद्यपि रेडियो नेपालले अपुष्ट र हल्लाको भरमा अहिलेसम्म कुनै समाचार नदिएको थापाको दाबी छ।

कोरा समाचारका सामग्री मात्र सुनेर वाक्क भएका नेपाली श्रोताले रेडियो नेपालबाट २०४७ सालदेखि *घटना र विचार* जस्तो विश्लेषणसहितको समाचार सामग्री सुन्न पाएपछि यसलाई धेरैले मन पराए। यसको नवीन प्रस्तुति एवं रेडियो नेपालको सर्वसुलभ पहुँचले गर्दा यो अत्यधिक श्रोताले सुन्ने कार्यक्रम बन्यो। यसको लोकप्रियतालाई २०५४ सालमा भएको राष्ट्रिय सर्वेक्षणले पनि पुष्टि गरेकै छ (मङ र घिमिरे सन् १९९७)। तर यो कार्यक्रम विभिन्नखाले विवादमा पनि बेजोडले नै मुछियो। यस कार्यक्रमको लोकप्रियता र विवादका विभिन्न कोणहरूलाई प्रज्ज्वल चापागाईंले आफ्नो लेखमा विश्लेषण गरेका छन् (अध्याय ९)। उनका अनुसार यी विवादका पछाडि यसले प्रसारण गरेका सामग्रीहरूमा देखिएको राजनीतिक पूर्वाग्रह नै मुख्य कारण हो। यस बाहेक बहुदलवादी पार्टीहरूमा सरकारी सञ्चारमाध्यम सञ्चालन गर्ने स्पष्ट दृष्टिकोणको अभाव, पञ्चायती सूचना संस्कृतिलाई पूर्णतः त्याग गर्न नसक्नु, प्रजातान्त्रिक मूल्य र मान्यतामा आस्था राखेपनि सरकारी सञ्चारमाध्यममा सञ्चालित कार्यक्रमबाट आलोचना सुन्न नचाहने प्रवृत्ति जस्ता नीतिगत कमजोरी र अस्पष्टताका कारणले पनि *घटना र विचार* धेरै विवादमा मुछिन पुगेको चापागाईंको निष्कर्ष छ।

पछिल्लो चरणमा रेडियो नेपालमा यसको प्रसारण परम्पराभन्दा केही भिन्नखाले विकासमूलक कार्यक्रमले प्रवेश पाए । तीमध्ये *खोज खबर*, *हाकाहाकी* र *साथीसँग मनका कुरा* कार्यक्रमबारेका लेख यस पुस्तकमा छन् । यी तीनै कार्यक्रम रेडियो नेपालभन्दा बाहिरका व्यक्ति/संस्थाको पहलमा प्रसारणमा आएका हुन् । यद्यपि *खोज खबर* कार्यक्रम उत्पादनमा रेडियो नेपाल आफैले लगानी गर्थ्यो । *खोज खबर* लोकप्रिय र प्रभावकारी थियो । तर पनि प्रसारण भएको सातै महिनापछि यसलाई रेडियो नेपालले हठात् बन्द गर्‍यो । *हाकाहाकी* र *साथीसँग मनका कुरा* प्रसारणबापत बाह्य संस्थाले रेडियो नेपाललाई उल्टो पैसा तिर्छन् । यस पुस्तकमा देवराज हुमागाईंले *खोज खबर* कार्यक्रमको चिरफार गरेका छन् (अध्याय १०) ।[१८] पुराना कार्यक्रमको रेकर्ड, श्रोताले पठाएका पत्र तथा सञ्चालनमा संलग्न व्यक्तिहरूसँगको अन्तर्वार्ताको आधारमा यसको विषयवस्तु र प्रस्तुतिको विश्लेषण गर्दै हुमागाईंले *खोज खबर*ले रेडियो नेपालको परम्परागत सोचाइ र शैलीलाई चिर्दै सही रूपमा 'पब्लिक ब्रोडकाष्टिङ'को चिनारी दिएको उल्लेख गरेका छन् । *हाकाहाकी* कार्यक्रमका चुनौतीबारे गोपाल गुरागाईंले लेखेका छन् (अध्याय ११) । यस कार्यक्रम विकास सञ्चार केन्द्रका लागि कम्युनिकेसन कर्नरले उत्पादन गर्थ्यो । *खोज खबर* कार्यक्रम बन्द गरिएपछि लगभग त्यस्तै स्वरूपमा *हाकाहाकी* सञ्चालन गरिएको हो । यस लेखमा उनले दातासँग दान लिएर सधैं कार्यक्रम चलाउन सम्भव नभएको उल्लेख गर्दै सार्वजनिक दायित्त्व भएको रेडियो स्टेसनलाई यस्ता कार्यक्रम प्रसारणबापत भाडाका रूपमा ठूलो रकम बुझाउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

*साथीसँग मनका कुरा* युनिसेफ नेपालले किशोरकिशोरी तथा युवाका लागि भनेर तयार पारेको कार्यक्रम हो । यस कार्यक्रममा किशोरकिशोरी तथा युवाका जीवनमा भएका घटना र समस्या पत्रमार्फत पठाउँछन् र त्यसको जवाफ कार्यक्रममार्फत प्रसारण गरिन्छ । दैनिक जीवनमा आइपर्ने मनो-सामाजिक समस्या र त्यसको समाधानका लागि अपनाउन सकिने उपाय एवं प्रयोग गर्न सकिने सीपहरूको जानकारी दिइन्छ । यस कार्यक्रमको पृष्ठ अनुसन्धानमा अक्सिजन अनुसन्धान तथा विकास मञ्च करिब एक वर्ष संलग्न भयो । यसै मञ्चका विष्णुप्रसाद नेपाल र नृपराज जोशीले संयुक्त रूपमा लेखेको लेखमा यस

---

[१८] यो लेख मार्टिन चौतारीबाट एक वर्षअघि मात्र प्रकाशित *मिडिया उत्पादन र अन्तर्वस्तु* पुस्तकमा समावेश लेख (हुमागाईं २०६०) कै छोटो रूप हो । रेडियो नेपालबाट प्रसारित भएको एउटा उल्लेखनीय कार्यक्रमको चर्चा नछुटोस् भनी यस पुस्तकमा पनि राखिएको हो ।

कार्यक्रमका विभिन्न पक्षहरूमाथि प्रकाश पारिएको छ (अध्याय १८) । कार्यक्रमको आवश्यकता किन पऱ्यो, कार्यक्रम कसरी निर्माण गरियो, भाषा, प्रस्तुति, विषयवस्तु कस्तो थियो, लक्षित समूहहरूले कसरी मूल्याङ्कन गरेका थिए भन्ने जस्ता सवालहरू यस लेखबाट प्रष्टिन्छन् ।

मनोरञ्जनात्मक कार्यक्रममध्ये रेडियो नाटक र साङ्गीतिक कार्यक्रमबारे क्रमशः सङ्केत कोइराला र बुलु मुकारुङले विभिन्न तथ्यहरू प्रस्तुत गरेका छन् । रेडियो नाटक के हो, यो कसरी रेकर्ड हुन्छ, नेपालमा रेडियो नाटकमा संलग्न व्यक्ति को को हुन् आदिबारे विवरण कोइरालाको लेखमा भेटिन्छ (अध्याय १२) । यसबाहेक रेडियो नाटकमा विद्यमान चुनौती र समस्याको चित्रण गर्न सफल छ यो लेख । रेडियो नाटचकर्मीसँगको संवादका आधारमा तयार गरिएको यस लेखलाई रेडियो नाटकसँग जोडिएको उनीहरूको रमाइलो प्रसङ्गले थप रोचक बनाएको छ । बुलु मुकारुङले आफ्नो लेखमा गीत सङ्गीतको क्षेत्रमा रेडियो नेपालको योगदानमाथि प्रकाश पारेका छन् (अध्याय १३) । रेडियो नेपालमा गीत सङ्गीततर्फ संलग्न कलाकारको विवरण पनि यस लेखमा पाइन्छ ।

*बाल कार्यक्रम, धार्मिक कार्यक्रम र शाही नेपाली सैनिक कार्यक्रम*लाई चिनाउने लेख क्रमशः वासुदेव मुनाल (अध्याय १४), पुरुषोत्तम सापकोटा (अध्याय १५) र मोहन थापा (अध्याय १७) ले लेखेका छन् । उनीहरू सबैले आफू संलग्न कार्यक्रमबारे नै लेखेका छन् । यी कार्यक्रमको इतिहासदेखि लिएर कार्यक्रमको स्वरूप र उत्पादनका विभिन्न चरणका साथै यससँग सम्बन्धित आ-आफ्ना अनुभवका झलकहरू यी लेखमा अटाएका छन् । रेडियो नेपालमा विभिन्न नाममा साहित्यिक कार्यक्रम प्रसारण हुँदै आइरहेका छन् । यस पुस्तकमा साहित्यिक कार्यक्रमसम्बन्धी एक लेख छ । 'साहित्यिक' कार्यक्रमको विविध विवरणसहित नेपाली साहित्यको श्रीवृद्धिमा यसको भूमिकाको मूल्याङ्कन गोपालप्रसाद खतिवडाले उक्त लेखमार्फत गरेका छन् (अध्याय १६) ।

रेडियो र समाज यस पुस्तकको तेस्रो र अन्तिम खण्ड हो । नेपाली समाज धर्म, जात, लिङ्ग, वर्ग, समुदाय, क्षेत्रीयता इत्यादि विविधताले भरिएको छ । समाजमा विद्यमान विविधताको प्रतिविम्ब सञ्चारमाध्यममा पनि हुनु पर्छ भन्ने आवाजहरू नेपालमा पनि उठिरहेका छन् । यस अन्तिम खण्डमा समाजका पिछडिएका वर्ग/जातिको रेडियो नेपालमा कस्तो स्थान छ भनेर लेखाजोखा गरिएका तीन छुट्टाछुट्टै लेखहरू छन् । यी लेखमा महिला, जनजाति र मधेशीको भौतिक उपस्थिति र उनीहरूका सवालले रेडियो नेपालमा पाएको स्थानबारे प्रस्तुति छ ।

बीना शर्माले महिला कार्यक्रमको गुण र दोष केलाएकी छन् (अध्याय १९)। महिलासम्बन्धी कार्यक्रम रेडियो नेपालको स्थापनाकालदेखि नै विभिन्न नाममा प्रसारण हुँदै आएको छ। तर पनि यसका विषयवस्तु र प्रस्तुतिमा महिलाको सामाजिक अस्तित्त्व र दृष्टिकोणमा परिवर्तन ल्याउने किसिमको कुनै पहल नभएको शर्माको लेखको निष्कर्ष हो। कार्यक्रमले महिलालाई परम्परागत भूमिका, घरायशी कामधन्दा र परिवारको हेरचाहमा खुसी र सुखी हुन तथा रूप एवं सौन्दर्यमा रम्न पाठ सिकाइरहेको यस लेखले देखाउँछ। दलित या महिलाको झैँ सम्पूर्ण जनजाति या मधेशीका सवाल समेट्ने छुट्टै कार्यक्रम त छैनन् रेडियो नेपालमा। तर यी समुदायअन्तर्गतका केही भाषामा समाचार प्रसारण भने भइरहेको छ। यीबाहेकका विभिन्न कार्यक्रममा यी समुदायलाई उपेक्षा गर्ने, होच्याउने प्रसङ्गलाई कुमार यात्रु र धीरेन्द्र प्रेमर्षि दुवैले आ-आफ्नो लेखमा उल्लेख गरेका छन्। यात्रुले जनजातिका विषयलाई रेडियो नेपालका समाचारमूलक, शिक्षामूलक र मनोरञ्जनमूलक तीनै खाले कार्यक्रममा उपेक्षा गरेको तथ्य पेश गरेका छन् (अध्याय २०)। प्रेमर्षिले रेडियो नेपालमा मधेशी भाषाकै कार्यक्रमबाहेक अन्यमा मधेशीको उपस्थिति वर्जित जस्तै भएको उल्लेख गरेका छन् (अध्याय २१)। यी लेखहरूमा पिछडिएका विभिन्न वर्गलाई उपेक्षा नै गरेको तथ्य फेला पर्छ। रेडियो नेपालमा यी समुदायको प्रतिनिधित्व अत्यन्तै न्यून भएको तथ्य पनि यी लेखबाट प्रष्टिन्छ।[१९]

यस खण्डको चौथो लेखमा रेडियो नेपालबारे भएका विभिन्न सर्वेक्षणको तुलनात्मक समीक्षा शेखर पराजुलीले गरेका छन् (अध्याय २२)। यसमा सर्वेक्षणमार्फत फरक फरक कालखण्डमा रेडियोसम्बन्धी विविध पक्षको तुलनात्मक अध्ययन गरिएको छ। पराजुलीका अनुसार सर्वेक्षणमा सङ्ख्यात्मक हिसाबले आवृत्ति गणना गरिएको र प्राप्त तथ्याङ्कका आधारमा गर्न सकिने विश्लेषणको पक्षलाई यी प्रतिवेदनमा खासै स्थान दिइएको छैन।[२०] अन्तमा रेडियो नेपालका प्रकाशनहरूबारे कृष्ण अधिकारीको लेख प्रस्तुत छ (अध्याय २३)। स्थापना कालदेखि नै रेडियो नेपाल प्रसारणबाहेक विभिन्न प्रकाशनमा पनि संलग्न छ।

[१९] दलित समुदाय र रेडियो नेपालबारे यस्तो विश्लेषण चाहेर पनि यस पुस्तकमा समावेश गर्न सकिएन किनभने बारम्बार ताकेता गर्दा पनि यसको जिम्मा लिएका लेखकले समयमा लेख बुझाएनन्। तर यसअघि दलित जाति र रेडियोको सम्बन्ध चक्रमान विश्वकर्मा (२०५८) ले केलाएका छन्।

[२०] रेडियो श्रवणबारे यस्तो सर्वेक्षणले समेट्न नसक्ने व्यक्तिगत तथा सामाजिक अनुभव र अन्य यथार्थहरू मार्टिन चौतारीको प्रकाशोन्मुख पुस्तक *रेडियोसँग हुर्कँदा*मा सङ्कलित संस्मरणात्मक लेखहरूमा वर्णित छन्। उक्त पुस्तकमा परेको एउटा लेखको छोटो रूपको लागि हेर्नुहोस् थापा (२०६१)।

यसको मुखपत्र *झङ्कार* त स्थापनाकालदेखि नियमित अनियमित हुँदै अहिलेसम्म पनि प्रकाशित हुँदैछ । रेडियोबाट प्रसारणपश्चात् हराएर जाने सामग्रीलाई धेरै पाठकसामु पुऱ्याउन यस्ता प्रकाशन महत्त्वपूर्ण बनेका छन् । त्यसबाहेक रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रमको समयसारीणी यी प्रकाशन (खासगरी *झङ्कार*) मा प्रकाशन गर्दा कार्यक्रमको समय र प्रकृतिबारे श्रोतालाई पूर्व जानकारी पनि गराउन सम्भव भयो । रेडियो नेपालका यस्ता विभिन्न प्रकाशनहरूबारे कृष्ण अधिकारीले प्रकाशित सामग्रीको अध्ययन र सम्बन्धित व्यक्तिसँगको अन्तर्वार्ताका आधारमा विश्लेषण गरेका छन् । यसका प्रकाशनको उद्देश्य के थियो, कस्ता विषयवस्तुले ठाउँ पाए र उद्देश्यअनुसार उपलब्धि हासिल भयो कि भएन भन्ने जानकारी यस लेखमा पाइन्छ ।

तीन खण्डमा विभक्त यी २३ ओटा लेखहरूको शृङ्खलापछि विभिन्न लेखमा उल्लिखित सन्दर्भ सामग्रीहरूलाई एकत्रित गरी राखिएको छ । त्यसपछि प्रयोगकर्ताको सुविधाका लागि वर्णानुक्रमअनुसार अनुक्रमणिका छ ।

यस पुस्तकमा समावेश लेखहरूले रेडियो नेपाललाई विभिन्न कोणबाट हेर्न मद्दत गर्छन् । पूर्व प्रकाशित लेखहरूले रेडियो नेपालसँग सम्बन्धित व्यक्तिहरूका विचार, धारणा र अनुभव प्रस्तुत गरेका छन् भने नयाँ लेखहरूले रेडियो नेपालका विभिन्न पक्षको ताजा नालीबेली र विश्लेषण पेश गरेका छन् । रेडियो नेपालका विभिन्न आयामहरूलाई समेटेका यी लेखहरूलाई रेडियो नेपालमाथिको निगरानीको उपजको रूपमा पनि लिन सकिन्छ र यस्तो निगरानीले रेडियो नेपाललाई अझ बढी उत्तरदायी, सजग र प्रभावकारी बनाउने छ भन्ने हाम्रो अपेक्षा हो । त्यसबाहेक रेडियो नेपालबारे ज्ञानको प्रशोधन र विस्तार गरी नयाँ अनुसन्धानकर्ताहरूलाई यसका अन्य पक्षहरूतर्फ आकर्षण गर्न यो पुस्तक सफल हुनेछ भन्ने हामीले आशा राखेका छौँ ।

यस पुस्तकले रेडियो नेपालका विभिन्न पक्षबारे भविष्यमा गर्न सकिने र गर्नु पर्ने केही कार्यतर्फ पनि सङ्केत गरेको छ । हिजोआज आम सञ्चारका प्रशस्तै विकल्प उपलब्ध हुनाले श्रोताको श्रवण प्रक्रिया प्रसारित कार्यक्रमको गुणस्तरमा निर्भर हुन्छ । तर सरकारी नियन्त्रणको रेडियो नेपाल भने सरकारी बोली नै बोलिरहेको छ । यसले समाचारको विश्वसनीयता घटाउनु स्वभाविक हो । जसले गर्दा श्रोता घट्ने, विज्ञापन घट्ने र कार्यक्रमको गुणस्तर घट्ने निरन्तरको चक्र सुरु हुन्छ । तसर्थ सबैभन्दा पहिले रेडियो नेपाललाई अझ प्रभावकारी र आत्मनिर्भर बनाउने हो भने यसलाई वास्तविक रूपमा स्वायत्त र स्वतन्त्र बनाइनुपर्छ भन्ने तर्क विभिन्न लेखले प्रस्तुत गरेका छन् । स्वतन्त्रताले प्रतिस्पर्धा

र प्रतिस्पर्धाले गुणस्तर बढाउने हुनाले यस तर्कलाई अर्थपूर्ण नै मान्नु पर्छ। सुरुआतीकालदेखि नै कुनै निश्चित प्रशासनिक संरचनाभित्र रेडियो नेपाल अटाउन सकेन। मन्त्रालयहरू फेरिँदै जाँदा प्रशासनिक संरचनाको निश्चित मापदण्ड पनि बन्न सकेको थिएन। पछिल्लो चरणमा विकास समितिअन्तर्गत रहेपछि पनि राजनीतिक हस्तक्षेपले गर्दा चाहिनेभन्दा बढी कर्मचारी लिएर सरकारी नियन्त्रणमा चलिरहेको रेडियो नेपाल प्रशासनलाई सुदृढ र चुस्त बनाउन अबेर भइसकेको छ। अनावश्यक जनशक्ति हटाउने र रेडियो नेपाललाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्न सके यसमा भएका इमान्दार, उत्साही र कर्मठ कर्मचारीलाई काम गर्ने असल वातावरण उपलब्ध हुने आशय पनि यस पुस्तकका लेखमा छ।

हाल रेडियो नेपालमा देखिएका निराशाजनक तस्बिर पछाडिको मुख्य कारणमा यससम्बन्धी बनेका नीति र योजनाको प्रभावकारी कार्यान्वयनको अभाव पनि हो। यसर्थ विद्यमान ऐन, नीति र नियमको पालना गर्दै अन्य स्पष्ट नीति र कार्यक्रमको तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ। सिंहदरबारको परिसरमा अवस्थित यसको कार्यालय सर्वसाधारण मानिसको आवतजावतका लागि असहज छ। सर्वसाधारणको चासोको कुनै शाखा सिंहदरबारबाहिर पनि स्थापना गर्न सके उपलब्धिपूर्ण हुने थियो। पुरानो प्रविधिका उपकरणको प्रयोगले विद्युत खपत र मर्मत खर्च असाध्यै बढाएकाले नयाँ प्रविधिका उपकरण राख्नेतर्फ पनि सोच्न जरुरी छ। यी र यस्तै सुधारमुखी सुझावहरू यस पुस्तकका लेखले उठाएका छन्। त्यसबाहेक बहुलवादी समाजको अस्तित्त्वलाई स्वीकार्दै विभिन्न जात-जाति, धर्म, वर्ग, लिङ्ग, भौगोलिक क्षेत्र र समुदायका व्यक्तिको भौतिक उपस्थिति र उनीहरूको सवाललाई उचित प्रतिनिधित्व र स्थान दिइनु पर्ने राय केही लेखमा पाइन्छ। समग्रमा यी विभिन्न विश्लेषण, चर्चाका साथै तिनको आधारमा दिइएका सुझावले रेडियो नेपालबारे सार्वजनिक वृत्तमा बहस बढाउने छन् र त्यसमार्फत आगामी दिनमा रेडियो नेपाललाई लोकप्रिय र विश्वसनीय प्रसारण संस्थाको रूपमा स्थापना गर्न सघाउने छन् भन्ने आशा लिन सकिन्छ।